पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक ८२ ❑ पृष्ठ ८ | २०७७ माघ २८ बुधवार (2021 FEBRUARY 10 WEDNESDAY) | ❑ मुल्य रु ५।-

बजेटको आकारमा संशोधन 03 | दुई वर्षमा १४ लाख परिवारले भूमिपूर्जा पाउनुपर्ने 0५ | बङ्गलादेशबाट रासायनिक मल खरीद शुरु ७

# पहिलो चरणमा ४० जिल्लामा निर्वाचन

**टुडे एक्सप्रेस** / काठमाडौं

सरकारले दुई चरणमा निर्वाचन गर्ने जिल्लाको टुंगो लगाएको छ। सोमवार बसेको मन्त्रिपरिषद बैठकले दुई चरणमा निर्वाचन गराउन छुट्याएको प्रदेशका आधारमा पहिलो चरणमा वैशाख १७ गते ४० जिल्ला र २७ गते ३७ जिल्लामा निर्वाचन हुनेछ।

प्रधानमन्त्री केपी शर्मा ओलीले ५ पुसमा प्रतिनिधि सभा विघटन गराएर आगामी वैशाख १७ र २७ गते निर्वाचन गर्ने तय गरेका थिए। त्यसअनुसार, सोमवार बसेको मन्त्रिपरिषद् बैठकले दुई चरणमा निर्वाचन हुने प्रदेश छुट्याएको हो। पहिलो चरणमा १७ वैशाखमा प्रदेश २, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा निर्वाचन गराउने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले बताए।

उनका अनुसार दोस्रो चरणमा २७ वैशाखमा बाँकी तीन प्रदेशमा निर्वाचन गराउने निर्णय गरिएको छ। प्रदेश १, बाग्मती र कर्णालीमा दोस्रो चरणमा निर्वाचन हुनेछ। कुन प्रदेशमा कहिले निर्वाचन गराउने भन्ने विषयमा सुरक्षा परिषद्ले तय गरेको थियो। सुरक्षा परिषद्को सिफारिशमा मन्त्रिपरिषद्ले निर्णय गरेको बुझिएको छ।

सरकारले निर्वाचनको तयारी गरिरहेका बेला नेकपाकै प्रचण्ड-माधव नेपाल समूहले भने आन्दोलनलाई सशक्त बनाउँदै लगेको छ। सर्वोच्च अदालतले संसद पुर्नस्थापना नगरे चुनावमा जाने नेपाली काँग्रेसले भनिसकेको छ। जनता समाजवादी पार्टी भने अहिलेसम्म अन्यौलमा देखिन्छ। संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले चुनावमा जान नसक्ने बताउँछन् तर जसपाका अन्य नेताहरू भने चुनावमा जाने मुडमा देखिन्छन्।

नेपाली काँग्रेस र जसपाले निर्वाचनमा गएपनि नेकपा प्रचण्ड-माधव नेपाल समूहको बहिष्कार गर्ने देखिन्छ। यसले निर्वाचन भएपनि शान्तिपूर्वक नहुने अनुमान लगाउन सकिन्छ। प्रचण्डले चुनाव भयो भने अर्को असंवैधानिक कदम हुने बताउँछन्। यसले प्रष्ट हुन्छ कि अगामी चुनाव गराउन सरकारलाई सजिलो हुने छैन।

## प्रधानमन्त्रीले भने-
## निर्वाचन तयारी जारी रहोस्

**टुडे एक्सप्रेस** / काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचन आयोगलाई चुनाव तयारी निरन्तर अघि बढाउन आग्रह गरेका छन्। मध्यावधि निर्वाचन तयारीबारे छलफल गर्न आयोग पुगेका प्रधानमन्त्री ओलीले पदाधिकारीहरूलाई आफ्नो काममा निरन्तर लाग्न आग्रह गरेका हुन्।

'निर्वाचन आयुक्त दिनेश थपलियाले चुनाव गर्न भइरहेको तयारीबारे प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले भने, 'प्रधानमन्त्रीज्यूले पनि आयोगका पदाधिकारीहरूलाई यससम्बन्धी काम निरन्तर अघि बढाउन सुझाव दिनुभएको छ।'



निर्वाचन आयुक्तले निर्वाचनको सुरक्षा तयारी र बजेटबारे प्रधानमन्त्रीलाई जानकारी गराएका थिए। प्रधानमन्त्री ओलीले निर्वाचन तयारीमा जुट्न सरकारले सबै खालको सहयोग गर्ने प्रतिबद्धता जनाएको थापाले जानकारी दिए। प्रधानमन्त्रीको भनाइलाई उदृत गर्दै उनले भने, 'तोकिएको समयमा निर्वाचनल सम्पन्न गराउन लाग्नुहोस्।'

## मलेशियामा ज्यान गएमा ९० प्रतिशत पेन्सन

**टुडे एक्सप्रेस** / जनकपुरधाम

मलेशियामा नेपाली श्रमिकको ज्यान गयो भने पीडित परिवारले ९० प्रतिशत पेन्सन पाउने भएका छन्। पेन्सन भने मलेसिया सरकारले दिने सम्झौता हुने भएको छ।

मलेशियाको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा नेपाली कामदारलाई समेट्न नेपाल सरकारले अनुमति दिएपछि पेन्सनको सुनिश्चितता भएको हो। मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले मलेशियाको सामाजिक सुरक्षा संस्था सोक्सोसँगको समझदारीपत्र स्वीकृत गर्दै त्यसमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गरेको छ।

उक्त समझदारीपत्र अनुसार श्रम स्वीकृति लिएर मलेशियामा रोजगारी गरिरहेका नेपालीले त्यहाँका श्रमिकसरह सामाजिक सुरक्षा पाउने छन्। यो समझदारीका लागि मलेशियाले नेपाललाई प्रस्ताव पठाएको थियो। सरकारले निर्णय गरेसँगै वैदेशिक रोजगार बोर्डले समझदारीपत्र आदानप्रदान गर्ने तयारी अघि बढाएको छ। मलेशियामा लकडाउन भएकाले भौतिक उपस्थितिमा हस्ताक्षर हुन नसक्ने हुँदा एक साताभित्र समझदारी पत्र आदानप्रदान भइसक्ने बोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठले जानकारी दिए।

उनका अनुसार यसका लागि मलेशियास्थित नेपाली राजदूतावाससँग सहकार्य भइरहेको छ। नेपालले मलेशियासामु प्रस्ताव गरेको समझदारीमा मलेशियास्थित नेपाली राजदूतावासबाट सकारात्मक राय यसअघि नै आइसकेको छ। बोर्डले परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको समेत परामर्श र राय लिएर समझदारीलाई अन्तिम रुप दिएको थियो।

पृष्ठ ८ मा बाँकी

Wifi . . . . . . . भनेकै
WORLDLINK

## अधिकारकर्मी पहाडीको विश्वास :
## 'ओलीको दवाई अदालतले गर्छ'

**विनय कर्ण** / राजविराज

मानव अधिकारकर्मी कृष्ण पहाडीले सर्वोच्च अदालत मतियार नभए संसद पुनस्थापना हुने बताएका छन्। उनले संविधानमा संसद विघट्न गर्ने व्यवस्था नभएको तर्क गर्दै प्रधानमन्त्री केपी ओलीको सनकका कारण संसद विघट्न भएको बताए। उनले सर्वोच्च अदालतले संसदको पुनस्थापना गर्ने विश्वास व्यक्त गरे।




सप्तरीको राजविराजमा मधेशी नागरिक समाजले आयोजना गरेको देशको समसमायिक राजनीतिक परिस्थिति, संसद विघट्न, तराई मधेशको भ्रमण कार्यक्रमका प्रमुख अतिथि रहेका पहाडीले भने, 'ओलीको दवाई सर्वोच्च अदालतले गर्छ, म विश्वस्त छु।' उनले यो संविधानले संसद विघटनको परिकल्पना नै नगरेको आधारमा ओलीले चालेको कदम लोकतन्त्र विरोधी भएको बताए। 'अल्पमतमा परेपछि ओलीले आफ्नो दलमा र संसदमा आगो लगाउनुभयो, हामी मौन बस्यौ भने संघीयता र गणतन्त्रमा आगो लगाइदिनु हुन्छ,' उनले भने 'प्रश्न संसद विघट्नको मात्रै होइन, प्रश्न संविधानको विघटनको क्रम शुरु हुन थालेकाको हो कि ?'

उनले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीको काँधमा चढेर प्रतिगमन यात्रा गरिरहेको यो बेलामा नागरिक समाजलाई जागरुक हुन आग्रह गरे। ओलीको सनकको कुनै सिमा नभएको र देशलाई यो अवस्थामा पुऱ्याउन प्रचण्ड, माधव नेपाल र शेरवहादुर देउवा पनि उत्तिकै दोषी रहेको पहाडीले औंल्याए। भने 'नेता फालेर व्यवस्था जोगाऔ।'

समृद्ध नेपाल सुखी नेपालीको नारा दिएर प्रधानमन्त्री ओलीले उखान टुक्का र कमेडी मात्रै बाँडेर हिडेको उनले आरोप लगाए। प्रधानमन्त्री ओलीलाई प्रतिगमनकारी र सनकीको संज्ञा दिदै जनता अहिले मौनतामा रहेको र यसलाई कमजोरी नठाने हुने बताए।

कार्यक्रममा मानव अधिकार तथा शान्ति समाजका अध्यक्ष उत्तम पुडासैनीले अधिकार हनन भइरहेको बेला नागरिक समाजलाई अगाडि आउन आग्रह गरे। उनले अधिकार प्राप्तिका लागि नागरिक समाज आन्दोलनमा आउँछन् र फेरि घरमा गएर सुत्छन् त्यसैले नेताहरूले देशमा मनोमानी गरेका बताए।

उनले कुनै पनि नेताले नागरिक समाजलाई सही कुरा बताउने नभएकाले त्यसबाट सचेत रहनुपर्ने तर्क गरेका छन्। प्रधानमन्त्रीले आपत्तीजनक अभिव्यक्ति दिएर सर्वोच्च अदालतमाथि प्रभाव पार्ने काम गरेको भन्दै 'यो प्रधानमन्त्रीको किर्तेतन्त्र भएको उनले टिप्पणी गरे।

जेष्ठ नागरिक एवं वरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलको अध्यक्षमा भएको कार्यक्रममा सयौको संख्यामा नागरिक अगुवाहरूको सहभागिता रहेको थियो भने सहजकर्ता रामरिझन यादवले कार्यक्रमको उद्देश्यबारे जानकारी गराएका थिए। झापाको भद्रपुरबाट अभियान शुरु गरेका पहाडी हुलाकी राजमार्ग हुदै २९ औं स्थानमा नागरिक समाजसँग अन्तरक्रिया गर्दै फाल्गुन ७ मा वीरगञ्ज पुगेर समापन गरिने बताइएको छ।



शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४. धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७. बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

Radio Janakpur ESTD 2063
सामुदायिक रेडियो ९७ मेगाहर्ज
अहिंक रेडियो अहिंक आवाज

'अहिंक रेडियो अहिंक आवाज'
रेडियो जनकपुर
मधेशको पहिलो एफ. एम.
९७ मेगाहर्ज

Radiojanakpur 97.0 mhz
Radio Janakpur 97.0 Mhz
www.radiojanakpur.org.np

बिहान ५ बजे देखि राति ११ बजेसम्म रेडियो सुन्न नभुल्नुहोला

# मेयर कुशवाहाद्वारा ढलको शिलान्यास

## ३४ करोडको लागतमा निर्माण हुने

**संजय मिश्रा** / रौतहट



रौतहटको कटहरिया नगरपालिकाका मेयर सियाराम कुशवाहाले ढल निर्माणको शिलान्यास गरेका छन्। साना शहरी खानेपानी ट्याङ्की छेउमा मंगलवार एक समारोहकाबीच ब्रहमणद्वारा मन्त्रोच्चारण सहित शिलान्यास गरिएको हो।

मेयर कुशवाहाले अब कटहरियाबासीले स्वच्छ पानी पिउन पाउने बताएका छन्। तेस्रो साना सहरी तथा खानेपानी आयोजना अन्तर्गत् सरकारको ८५ प्रतिशत र कटहरिया नगरपालिकाको १५ प्रतिशत लगानीमा आयोजना सम्पन्न हुने कुशवाहाले जानकारी दिए।

कटहरिया नगरपालिका वडा ४ र ५ मा गरी कुल १४.४ किलोमिटर लामो ढल निर्माण हुने छ। ढल निर्माणपछि उक्त वडाका १६ सय परिवार लाभान्वित हुने मेयर कुशवाहाको भनाइ छ। ढलबाट घरको फोहर तथा वर्षाको पानी सहज रुपमा व्यवस्थापन हुने खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले विश्वास व्यक्त गरे।

ढल निर्माणका लागि कुल ५६ करोड ५६ लाख बजेट छुट्याइएको थियो। तर आश्रय जेबी निर्माण सेवाले ३४ करोडमा टेण्डर लिएको बताइएको छ। ढल निर्माण १८ महिनामा पूरा गर्ने सहमति आश्रय जेवीसँग भएको अध्यक्ष साहले बताए।

शिलान्यास समारोहमा मेयर कुश्वाहा, अध्यक्ष साह, साना सहरी खानेपानी आयोजनाका निर्देशक रामकुमार श्रेष्ठ, उपनिर्देशक टिका चौधरी, लेखा उपसचिव पदम बहादुर कुँवर, टिम लिडर ईन्द्र पौडेल, वडा ५ का अध्यक्ष सर्फलाल गुप्ता लगायतको सहभागिता रहेको थियो।

# 'मिटर ब्याजमा लगानी गर्ने अधिकार कसैलाई छैन'

**धर्मेन्द्र पासवान** / सिरहा




नेपालमा मिटर व्याजमा आर्थिक लगानी गर्ने कानुन नरहेको र कसैको अधिकार समेत नभएको सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँणेलले बताएका छन्। शिक्षा, विकास र चेतना मुल नाराका साथ जनचेतना युवा क्लब र औरही गाउँपालिका ४ वडा कार्यालयद्वारा आयोजित 'हाम्रो समाजमा रहेको व्याप्त आर्थिक विकृति र समाधानका उपाय' विषयक अन्तर्क्रियामा प्रमुख अतिथि रहेका प्रजिअ कणेलले यस्तो धारणा राखेका हुन्।

कानुनमा कुनै प्रावधान नरहे पनि घर कर्जाको नाममा समस्यामा परेका सर्वसाधारणलाई ३६ प्रतिशत व्याजमा कसैले लगानी गरेको तमसुक बनाउँदैन तर तीन गुणा बढीको कागज बनाएर पैसा लगानी गरेकोले समाजमा कैयौं घटनाहरू भइरहेको प्रजिअ कणेलको भनाइ थियो।

उनले भने, 'सरकारले कानुन बनाएर अधिकार सम्पन्न बनाउनु पर्‍यो। कार्वाही गर्ने अधिकार हामीलाई दिएमा २० वर्ष सजाय (जन्मकैद) वा सर्वस्वहरण गर्छौं।' जिल्ला प्रशासन कार्यालय सिरहाले गरेको केही कामहरूको बारेमा वक्ताहरूले जानकारी गराएपछि प्रजिअ कँणेलले भने, 'आफूले गरेको कामलाई कसैले नजिकबाट नियालीरहेकोमा खुसी छौं।'

समाजमा रहेको आर्थिक विकृतिको बारेमा बोल्दै सूर्य नारायण सत्य नारायण मोरवैता, यादव बहुमुखी क्याम्पस सिरहाका अर्थशास्त्र प्राध्यापक डा. विश्वनाथ झाले भने, 'अर्थशास्त्रमा ३६ प्रतिशतसम्म व्याज लिनु नै मिटरव्याज हो।' उनले थपे, 'जहिले पनि गरिब वर्गको ज्यालाकोषको सिद्धान्तमा विचौलियाहरूले गरिबलाई श्रम बेचेको वापत त्यति मात्रै पैसा दिने योजना बनाए। जसको परिणाम मजदुर गरिबहरूले ऋण लिन बाध्य होस्। यसको फाइदा गाउँका साहु महाजनलाई भइरहेको छ।'

आर्थिक विचौलिया कारण समाजमा आर्थिक विकृति बढिरहेको डा. झाले बताए। राजनीतिक तवरले यो समस्या उठान नगरेसम्म समाजमा यो समस्या रहिरहने उनको तर्क छ।

औरही गाउँपालिकाकी उपाध्यक्ष सीतादेवी यादवले कानुनी अड्चनका कारण पीडक मिटरव्याजीलाई कार्वाही गर्न गाउँपालिकाको न्यायिक समितिले पनि केही गर्न नसकेको गुनासो गरिन्।

अन्तरक्रियामा मो. अख्तर खाँले एक जनासँग लिएको ऋण तिर्न जाँदा ३६ प्रतिशतका हिसाबले जोडेका कारण आफूले तिर्न नसकेको गुनासो गरेका थिए। उनले तिर्नको लागि जोहो गरेर गोजीमा राखेको रुपैयाँ समेत प्रजिअ कणेललाई देखाए। कपिलदेव यादवले एक जनासँग लिएको ऋण चुक्ता गरेको भएपनि तमसुकको माथिको रकम र तल लेखिएको रकम फरक रहेको प्रजिअलाई यादवले देखाएका थिए।

कार्यक्रम क्लबका अध्यक्ष लक्ष्मी प्रसाद यादवको अध्यक्षतामा भएको थियो। उनले कार्यक्रममा सहभागी भइदिएकोमा प्रजिअ कणेललाई धन्यवाद ज्ञापन गरे। अन्तर्क्रियाका बारेमा समाजसेवी रामबालक यादवले प्रकाश पारेका थिए।

# लोकसेवाको नि:शुल्क तयारी कक्षा सुरु

**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनकपुधाम उपमहानगरपालिकाले १५० विद्यार्थीलाई नि:शुल्क लोकसेवाको तयारी गराउने भएको छ। नगरका गरिब जेहेन्दार एवं दलित विद्यार्थीलाई लक्षित गरी लोकसेवा तयारी कक्षा सञ्चालन गर्न लागिएको हो।

मंगलवार नगर प्रमुख लालकिशोर साह र धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले संयुक्त रुपमा नगरस्तरीय लोक सेवा आयोग तयारी परामर्श कार्यक्रमको उद्घाटन गरे। कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख साहले आर्थिक अभावमा सरकारी जागिरबाट बञ्चित विद्यार्थीले लाभ पाउने विश्वास व्यक्त गरे।

आर्थिक समस्याका कारण राम्रो विद्यार्थीले पनि सरकारी जागिर खान नसकेको बताउँदै नगर प्रमुख साहले अब त्यस्तो अवस्था नआउने विश्वास व्यक्त गरे। काशिकान्त झाको अध्यक्षतामा भएको सो कार्यक्रममा नगरका वडाध्यक्ष, धनुषाका प्रहरी उपरीक्षक प्रकाश राना भट्ट र विद्यार्थीहरूको सहभागिता रहको थियो।



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष** : (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष** : (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन** : (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट** : (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह** : (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या** : (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला** : (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक** : (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु** : (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर** : (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ** : कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन** : (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# मेयर चौधरीले गरे गुजरामा नगर सभा हलको शिलान्यास



**टुडे एक्सप्रेस** / रौतहट

रौतहटको गुजरा नगरपालिकामा नगरसभा हल निर्माण हुने भएको छ। ३९ लाख ७० हजारको लागतमा निर्माण हुन लागेको सभाहलको एक समारोहबीच नगर प्रमुख सन्तलाल चौधरीले शिलान्यास गरेका हुन्।

सिमरा भवानीपुरमा रहेको नगर कार्यालयसँगैको खाली जग्गामा सभाहल निर्माण हुन लागेको छ। जिल्ला समन्वय समितिको १८ लाख ६० हजारको लागत साझेदारीमा बन्न लागेको सो हल यसै आर्थिक वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने इन्जिनियर प्रविन चौधरीले जानकारी दिए।

शिलान्यास कार्यक्रममा नगर उप-प्रमुख रौशन खातुन शेख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू तथा स्थानीयहरूको उपस्थिति रहेको थियो।

# सालको गोलिया बरामद

**टुडे एक्सप्रेस** / रौतहट

रौतहटको सशस्त्र वन टोलीले ५ वटा साइकलमा लोड गरिएको अबैध सालको गोलिया (काठ) बरामद गरेको छ।

डिभिजन वन कार्यालय चोंचाका प्रमुख राजेश साहको नेतृत्वको टोलीले सोमवार राति गुजरा नगरपालिकाको मैढा टोल नजिकैबाट सालको गोलीयासहित साइकल बरामद गरेको हो।

बरामद गोलिया काठ २९ कयु. फिट भन्दा बढी रहेको प्रमुख साहले जानकारी दिए। तस्कर भने फरार भएका छन्। प्रमुख साहले भने, 'हाम्रो टोलीलाई देखेपछि तस्करहरू फरार भए। अनुसन्धान गरिरहेका छौं।'

यसअघि बलुवा टोलको नहरबाट एकथान साइकल र गोलिया काठ ८ क्युफिट बरामद वनको टोलीले बरामद गरेको थियो।



# नेकपा नेता सापकोटाको सक्रीयतामा पूर्वाधार निर्माण

**टुडे एक्सप्रेस** / रौतहट

प्रधानमन्त्री केपी ओली नेतृत्वको नेकपाका नेता बालकृष्ण सापकोटाको सक्रीयतामा रौतहटमा अर्वौंको लगानीमा पूर्वाधार निर्माणको काम भइरहेको छ।

नेता सापकोटा शहरी विकास मन्त्री प्रभु साहका स्वकीय सचिव हुन्। उनको सक्रीयता र मन्त्री साहको पहलमा भौतिक पूर्वाधारको निर्माण कार्यले गति लिएको छ। चन्द्रपुर नगरपालिका ८ र ९ मा २ किलोमिटर लाईनिङ, चाँन्दी खोलामा तटबन्ध ५ सय मिटर, तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत पौराई ब्रह्मस्थान मन्दिर परिसरमा ३० लाखको लागतमा सिन्दुरेघारी धर्मशाला निर्माण भइरहेको सचिव सापकोटाले बताए।

यस्तै मोतिपुरमा ३५ लाखको लागतमा छठिघाट निर्माण, ३५ लाखको लागतमा मेनुका सिमसार प्राविको भवन निर्माण, १ करोडको लगानीमा मरधर सिमसार ताल सौन्दर्यीकरण गरिएको पनि उनले दावी गरेका छन्।

शहरी विकास मन्त्रालयबाट मरधर सिमसारदेखि सिन्दुरेघारीसम्मको २ किलोमिटर सडक स्तरोन्नति, शहरी विकास मन्त्रालयबाट मरिनटोलदेखि चेतनगर बजारसम्मको सडक स्तरोन्नति, मरधर गाँउको सडक स्तरोन्नति गरिएको छ।



त्यस्तै शहरी विकास मन्त्रालय स्मार्ट सिटी अन्तर्गत चन्द्रपुर नगरपालिका ८ को विभिन्न सडकको स्तरोन्नति, मरधर चौउरीदेखि सूर्य कार्कीको घरसम्म सडम स्तरोन्नति भएको छ। स्मार्ट सिटी अन्तर्गत चन्द्रपुर आर्मी क्याम्पदेखि मोतिपुर-सिन्दुरेघारी- डुमरिया सडक कालोपत्रे, बनटोल जुडबेला फुलवारी-कलटोलसम्म सडक कालो पत्रे, डुमरिया-बनबहरी-रंगपुर सडक कालोपत्रेका लागि डिपिआर भई टेण्डर प्रक्रियामा रहेको सचिव सापकोटाको भनाइ छ।

मरधर सिमसार ताल सौन्दर्यीकरण, जनजाति आदिवासी सङ्ग्रहालय निर्माण, मंगलपुर- दोभान सडक कालोपत्रे, चन्द्रपुर नगरपालिका ६ मा गुम्वा निर्माण, नयाँ बस्ती कटानी गाउँमा अधुरो सडक कालोपत्रे, सन्तपुर कृष्ण मन्दिर परिषदको पूर्वाधार निर्माणको लागि टेण्डर लाग्ने क्रममा रहेको छ।

### बजेटको आकारमा संशोधन

# १३ खर्ब ४४ अर्ब मात्रै खर्च गर्ने लक्ष्य



**टुडे एक्सप्रेस** / काठमाडौं

सरकारले चालू आर्थिक वर्षको बजेटमा आम्दानी र खर्चमा संशोधन गरेको छ। अर्थ मन्त्रालयमा मंगलवार आयोजित चालू आवको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै आम्दानी र खर्चमा संशोधन गरिएको अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जानकारी दिए।

चालू आवमा रु १३ खर्ब ४४ अर्ब ६८ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ। यो कूल विनियोजनको करिब ९१ दशमलव १९ प्रतिशत हो। गत जेठमा सरकारले तत्कालीन संघीय संसद्मा पेश गरेको बजेट भने रु १४ खर्ब ४६ अर्ब रहेको थियो। यो अनुमान गर्दा प्रतिनिधिसभा निर्वाचन खर्च, कोभिड-१९ विरुद्धको खोप खर्च, अनिवार्य दायित्व, पूर्वसहमति दिइएका ठूला आयोजनाको सम्भावित दायित्वलाई मध्यनजर गरिएको मन्त्री पौडेलले जानकारी दिए।

उनका अनुसार चालूतर्फ रु नौ खर्ब १४ अर्ब ७८ करोड (विनियोजित बजेटको ९६ दशमलव ४० प्रतिशत), पूँजीगततर्फ रु दुई खर्ब ८३ अर्ब चार करोड (विनियोजित बजेटको ८० दशमलव २० प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ४६ अर्ब ८६ करोड (विनियोजित बजेट ८५ प्रतिशत) हुने अनुमान गरिएको छ। चालू आवको अन्त्यसम्म सरकारको स्रोतबाट (राजश्व र आन्तरिक ऋृण) रु १० खर्ब ७४ अर्ब ६८ करोड, वैदेशिक अनुदानतर्फ रु ३५ अर्ब र वैदेशिक ऋृणतर्फ रु दुई खर्ब ३५ अर्ब खर्च हुने संशोधित अनुमान रहेको छ। चालू आवको राजश्व लक्ष्य अनुमान गर्दा हालको राजश्व संकलन अवस्था र विगतको प्रवृत्तिलाई आधार बनाइएको अर्थमन्त्री पौडेलले जानकारी दिए।

कोरोनाको महामारीको प्रभाव क्रमशः कम हुँदै गएको, खोप सेवा प्रदान गर्न शुरु गरिएको र आन्तरिक आर्थिक गतिविधि क्रमशः पुरानै लयमा फर्कदै गएकाले चालू आवको बाँकी अवधिमा बजेट कार्यान्वयनको संशोधित कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। अर्थ मन्त्रालयले कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी दायित्व तत्काल भुक्तानी दिने व्यवस्था मिलाइएको छ।

कोरोनाका कारण गत वर्ष सम्पन्न हुन नसकेका आयोजनाको दायित्व भुक्तानीलाई प्राथमिकता दिइनेछ। अन्तर्राष्ट्रिय आर्थिक सहायताबाट सञ्चालन गरिने आयोजनाको कार्यान्वयनको अवस्थाको छुट्टै अनुगमन तथा समीक्षा गरी कार्यान्वयनमा देखिएका जटिलताको व्यवस्थापन गर्ने सरकारको योजना छ।

राजश्व संकलनको वैकल्पिक कार्ययोजना बनाई बाँकी अवधिको राजश्व संकलनको लक्ष्य हासिल गर्ने गरी राजश्व प्रशासनलाई पूर्णरुपमा परिचालन गर्ने र वैदेशिक ऋृण तथा अनुदानको शोधभर्ना समयमा नहुँदा सरकारको स्रोतमा चाप परेकाले देखिएकाले समयमै शोधभर्ना प्राप्त गर्न सम्बन्धित आयोजना प्रमुख र मन्त्रालयलाई जिम्मेबार बनाउने भएको छ। बजेट सहायता प्राप्तिका लागि तोकिएका पूर्वकार्य तथा शर्तबमोजिमको सबै कार्य सम्पादन गरी चालू आवमा नै सबै रकम प्राप्त गर्ने व्यवस्था मिलाइने छ। अर्थ मन्त्रालयका अनुसार आयोजना आबद्ध वैदेशिक सहायताको अनुदान तथा ऋृण परिचालन गर्न गर्नंपर्ने सबै कार्य पूरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने र वैदेशिक सहायताको कार्यान्वयनमा देखिएका समस्या समयमै समाधान गर्ने लक्ष्य राखिएको छ।

नगद प्रवाहको नियमित विश्लेषण गरी आवश्यकताअनुसार बजेटमा अनुमान गरिएको सीमाभित्र आन्तरिक ऋृण परिचालन गर्ने सरकारको तयारी छ। विकास सहायता परिचालन केही कमजोर भए पनि बाँकी अवधिमा ठूला पूर्वाधार आयोजनामा खर्च बढ्दा यसमा सुधार आउने अपेक्षा गरिएको छ। बजेट कार्यान्वयनमा देखिएका समस्या र अर्थ मन्त्रालयको तर्फबाट सहजीकरण गर्नंपर्ने विषयमा प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ।

सरकारले आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ भने क्रियाकलापमा आधारित खर्च र निकासा प्रणाली लागू गरिएको छ। स्थानीय तहको सञ्चित कोष व्यवस्थापन प्रणाली सूत्र सबै स्थानीय तहमा लागू गरिएको छ भने बजेट कार्यान्वयनमा देखिएका समस्या र अर्थ मन्त्रालयको तर्फबाट सहजीकरण गर्नंपर्ने विषयमा प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

# 'सरकारले जनचाहना अनुसार काम गर्न पाएन'

**टुडे एक्सप्रेस** / कैलाली

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले वर्तमान राजनीतिक परिस्थिति उपज व्यक्तिवादी सोच भएको बताएका छन्।

मंगलवार कैलालीको सुखडमा नेकपा घोडाघोडी नगर कमिटीले आयोजना गरेको कार्यकर्ता भेटघाटमा मन्त्री भट्टले स्पष्ट बहुमत भएको सरकारले जनचाहनाअनुसार काम गर्न नपाएको गुनासो गरे। निर्वाचनका लागि जनतामाझ जाने कुरालाई प्रतिगामी कदम भनेर हल्ला फैलाउनु गलत भएको उनको तर्क थियो।

त्यस्तै कार्यक्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री गौरीशंकर चौधरीले राजनीतिक एजेण्डाभन्दा पनि व्यक्तिगत स्वार्थ नमिलेर वर्तमान अवस्था सिर्जना भएको दावी गरे। कार्यक्रममा नेकपा सुदूरपश्चिम प्रदेश कमिटीका अध्यक्ष कर्ण थापाले पार्टीले अब गति लिने विश्वास व्यक्त गरे।

# 'अदालतको निर्णय सबैले स्वीकार्नुपर्छ'



**टुडे एक्सप्रेस** / पर्वत

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संसद् विघटनको सम्वन्धमा सर्वोच्च अदालतको निर्णय नै अन्तिम हुने बताएका छन्।

पर्वतको महाशीला गाउँपालिकामा मंगलवार आयोजित पोखरा-पामे-रिडी राष्ट्रिय राजमार्गअन्तर्गत मिलनचोक-भोक्सिङ-पैंयुँभञ्ज्याङ-सुभद्रखर्क खण्डको शिलान्यास तथा महेन्द्र ज्योति माविमा नवनिर्मित चार कोठे भवनको उद्घाटन कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले संसद् विघटनबारे सर्वोच्च अदालतमा बहस भइरहेको र जे फैसला गर्छ सोहीअनुसार अघि बढ्नुपर्ने बताए।

सर्वोच्च अदालतको अन्तिम फैसला सबैले मान्नुपर्ने उनको भनाइ छ। 'अदालतले संसद् विघटन ठीक छ भन्यो भने चुनावमा जानुपर्‍यो, ठीक छैन भन्यो भने संसद् पुनःस्थापना पनि हुन्छ', उनले भने। उनले संविधानले सबै अधिकार नागरिकलाई दिएको बताउँदै संविधानको रक्षा र संविधानले दिएका अधिकारको उपभोगका लागि पनि चुनाव हुनुपर्ने बताए।

अध्यक्ष तिमिल्सिनाले मुलुक यतिबेला विकास निर्माणको तीव्र गतिमा अघि बढेको बताउँदै निर्वाचन होला नहोला भन्नेतर्फ चिन्ता नलिइकन विकास निर्माणका कामलाई गति दिन पनि आग्रह गरे।

यस वर्षदेखि प्रत्येक खरका छाना भएका घरपरिवारलाई रु ५० हजारका दरले वितरण गरेर जस्ताका छाना छाउने अभियान थालिएको बताउँदै दुई वर्षभित्र जिल्लानै खरका छानामुक्त हुने विश्वास दिलाए। उनले विकास निर्माणका काम गाउँ केन्द्रित हुने तर नागरिक शहर केन्द्रित भइरहेको बताउँदै गाउँमै बसेर उद्यमशील बन्न आग्रह गरे। गाउँमै आयआर्जका स्रोत बढाउन उनको आग्रह रहेको थियो।

कार्यक्रममा गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री विकास लम्सालले आगामी वैशाख १७ र २७ गते जुनसुकै अवस्थामा पनि निर्वाचन हुने ठोकुवा गरेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले समेत निर्वाचन एक दिन पनि पछि नसर्ने बताउँदै आएको भन्दै निर्वाचनको तयारीमा लाग्न आग्रह गरे।

जिल्ला समन्वय समितिका प्रमुख मनोहर बि पौडेलले पछिल्लो तीन वर्षमा जिल्लामा अभूतपूर्व विकास भएको बताउँदै आगामी निर्वाचनमा पनि बाँकी कार्यभार र आयोजना पूरा गर्न नेकपालाई नै विजयी गराउनुपर्नेमा जोड दिए। उनले विकास निर्माणका काममा तीनै तहका सरकारको समन्वय र सहकार्य हुन जरुरी रहेको बताउँदै तीनै तहको सहकार्यबाट मात्र छिट्टै समृद्धि हासिल गर्न सकिने बताए।

# सामाजिक सञ्जालसम्बन्धी निर्देशिका जारी गरिने

**टुडे एक्सप्रेस** / काठमाडौं

सरकारले सामाजिक सञ्जालमा उत्तेजक अभिव्यक्ति दिने र त्यस्ता अभिव्यक्तिलाई प्राथमिकता दिएर प्रकाशन, प्रसारण गर्ने माध्यमलाई कारवाही गर्ने सङ्केत गरेको छ।

मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न मंगलवार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता पार्वत गुरुङले स्वतन्त्रता उपभोग गर्ने नाममा दर्ता बिना सञ्चालनमा आएका फेसबुक, युट्युब, अनलाइनजस्ता कतिपय माध्यमबाट हुने विकृति रोक्न छिट्टै सामाजिक सञ्जालसम्बन्धी निर्देशिका, २०७७ जारी गर्ने तयारी गरिएको बताए।

नेपाली समाजलाई अराजकता, विकृति विसङ्गतितर्फ धकेल्ने गतिविधि नगर्न तथा आमसञ्चारकर्मीलाई अराजक, मर्यादित र गैरजिम्मेवार नबन्न सचेत गराउँदै उनले त्यस्ता गतिविधिलाई कानूनको दायरामा ल्याउन आवश्यक ठानेर निर्देशिका जारी गर्न लागिएको प्रष्ट पारे।



उनले पछिल्ला केही दिनमा स्वतन्त्रताका आडमा छाडा, उत्तेजक, व्यक्ति केन्द्रित, मुलुकका सर्वोच्च अङ्ग र व्यक्तिमाथि गलत अभिव्यक्ति दिने र त्यस्ता अभिव्यक्तिलाई सामाजिक सञ्जाल र केही जिम्मेवार सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्ने पाइएकाले त्यसलाई नियमन गर्न निर्देशिका ल्याउन लागिएको बताए।

'लामो राजनीतिक द्वन्द्वबाट स्थापित लोकतन्त्रिक शासन पद्धिति माथि प्रहार गर्ने, हिंसा फैलाउने र मुलुकलाई मुठभेडतर्फ धकेल्ने खालका अभिव्यक्ति र त्यसलाई सार्वजनिक गर्ने माध्यमको गतिविधि खेदजन्य छ', उनले भने।

## 'तोकिएको मितिमै निर्वाचन हुन्छ'

पत्रकार सम्मेलनमा मन्त्री गुरुङले निर्वाचनको लागि आवश्यक सम्पूर्ण प्रबन्ध सरकारले मिलाइसकेकाले तोकिएकै मितिमा निर्वाचनमा हुनेमा कुनै भ्रम नपाल्न सबैमा आग्रह गरे।

तोकिएकै मितिमा निर्वाचन गर्नको निम्ति सुरक्षा परिषद्को बैठकले निर्णय गरेको प्रस्तावलाई मन्त्रिपरिषदले पारित गरिसकेको बताउँदै उनले प्रधानमन्त्रीले आज निर्वाचन आयोग पुगेर निर्वाचनको वातावरण बनाउन सरकार तयार रहेको र कुनै अलमलमा नपर्न अनुरोध गरेको पनि जानकारी दिए।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आँखा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४–५२०००९ |
| जलेश्वर अस्पताल | ०४४–५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४–५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

# तीव्र कार्य, चौतर्फी विकास, एकीकृत निकास

विस्तारै गए पुगिन्छ, छिट्टो गए भन्न सकिन्न, भनिन्छ नि ! प्रदेश २ को योजना अनुसार लक्ष्य भेट्टाउन अब कछुवा गतिमा होइन खरायो गतिमै दौडनुपर्ने अवस्था आएको छ। सरकारले लिएको लक्ष्यमा पुग्न कोरोना महामारी र आन्तरिक व्यवस्थापकीय तालमेल मुख्य बाधक भएको प्रदेश सरकारले जनाएको छ। पहिलो पटक गठन भएको प्रदेश सरकारले काम गरेरै देखाउनुपर्ने बाध्यता रहेको छ। पहिलो पटकमै लक्ष्य अनुसार काम नभए जनताको विश्वास गुम्ने खतरा हुन्छ नै। यहाँको विकासमा विगतदेखि आर्थिक हिनामिना हुने गरेको घटना नौलो होइन, त्यसलाई पाखा लगाएर चौतर्फी विकासलाई ध्यान दिनुपर्ने चुनौति रहेको छ। विकास निर्माणमा हुने गरेका आर्थिक हिनामिनालाई निस्तेज पार्दै, हरेक विकासका बजेटहरूमा पारदर्शिता प्रस्तुत गर्नुपर्ने हुन्छ। लक्ष्य अनुरुप काम भए नभएको, बजेट खर्च गर्न सकेको नसकेको, दीर्घकालीन विकास, दूरदर्शिता, उचित सदुपयोग गर्न सकेनसकेको आधारमा जनताको मन जित्ने हो।

प्रदेश २ लाई दुई नम्बर भनेर व्यङ्ग्य गर्ने गरेको पाइएको छ। समथर जग्गा, सीमा नाका, ऐतिहासिक एवं धार्मिक भूमि, उर्वर जमीन, यातायातमा सहजता, भाषिक विविधता, व्यापारिक स्थलहरू प्रशस्त मात्रामा भएर पनि आर्थिक सामाजिक रुपमा यो प्रदेश सम्पन्न बन्न सकेको छैन। विगतमा विकास हुन नसकेको ठाउँ, शिक्षा तथा चेतनामा पछि परेको ठाउँ, अवैध निकासी पैठारी र विकासमा ठूलो भ्रष्टाचार हुने गरेको ठाउँ भनेर होच्याउने गरिएको हो। प्रदेश सरकारले नयाँनयाँ विकासका अभियान संघ सरकारसँग मिलेर सञ्चालन गर्न खोजेको छ तर लक्ष्य अनुसार काम पूरा हुन नसकेर पनि यस्तो भन्ने गरिएको हुन सक्छ। यसवर्ष पनि कोरोनाको कारण लामो समय बन्दी र प्रदेश तथा स्थानीय तह पूरा गर्दागर्दै प्रदेश सरकारले विकासको लक्ष्य भेट्टाउन निकै मुस्किल पर्ने जानकारहरू बताउँछन्।

विकासको मुख्य आधारस्तम्भ शिक्षा हो। प्रदेश २ मा निरक्षरहरू पाइनु र समुदायको चेतनास्तर कम हुनुले गर्दा व्याप्त गरिबी, वेरोजगारी, पलायन र निरीह मानसिकताका कारण राज्यका विभिन्न अवसरहरूबाट समाज पछि परेको छ। यहाँ बजेट नआउने होइन, केही चुहावट हुने , सदुपयोग गर्न खोज्नेलाई काम गर्न नसक्ने वातावरण सिर्जना हुने, योजना अनुसार कार्यान्वयन पक्ष अत्यन्तै फितलो हुने, विकासका काम सम्पन्न भएका क्षेत्र पनि गुणस्तर नहुने, गुणस्तर भएका विकासका पूर्वाधारमा पनि प्राकृतिक प्रकोपजन्य दुष्परिणामको कारण यस प्रदेश जहिले पनि पछि पर्ने गरेको छ। प्रदेशको मुख्य काम भनेकै केन्द्र र स्थानीयसँग सबल समन्वय गर्न सक्नु हो।

विकास कार्य गर्दा एउटा विकासले अर्को विकासलाई असर पार्ने खालको हुनुहुँदैन। यहाँ सडक निर्माण भइसक्छ अनि खानेपानीको काम सडक खनेर सुरु हुन्छ। खानेपानीको काम सकिन्छ, फेरि सडक बन्छ अनि विजुलीका पोल सारिन्छ। बिजुलीका पोल सारे लगत्तै बाटोमा बाढी आउँछ र रोड खनेर नाला बनाइन्छ। यस किसिमको एउटा विकासले अर्कोको विनास गरिनु हुँदैन। सडक, खानेपानी, विद्युत, ढलनिकास, सञ्चार जस्ता चौतर्फी विकासका कार्यक्रम एक आपसमा समन्वय गरेर अघि बढाइनुपर्छ। जसले गर्दा कुनै विकासले पनि कुनैलाई असर गर्दैन। लक्ष्य भेट्टाउन तीव्रताको साथ एकीकृत चौतर्फी विकास गरिनु आवश्यक छ।

# समय–सन्दर्भमा ज्योतिषीय आधार



**नारायणप्रसाद अधिकारी**

*'वेदोऽखिलः कर्म मूलम् ', 'वेदोऽखिलः धर्म मूलम्'* हाम्रा समस्त कर्मव्यवहार, ज्ञानविज्ञान, धर्मसंस्कृतिको मूल आधार वेद नै हो। वेदलाई अखिल (नाश नहुने) पुरुष भनेर भनिएको छ। तमोमय(अध्यारो) संसार देखाउन मद्दत गर्ने वेद पुरुषका छ वटा अङ्गहरूमध्ये ज्योतिषशास्त्र आँखास्वरुप मानिन्छ। ज्योतिःको अर्थ उज्यालो, चम्किलो ग्रह-नक्षत्र, दर्शन भन्ने हुन्छ। देवर्षि नारदको भनाइ छ -*'वेदस्य निर्मल चक्षुर्ज्योतिः शास्त्रमकल्मषम्। विनितदाखिलं कर्म श्रौतं स्मार्तं न सिद्धति ॥'*

आँखाले जसरी हामी चराचर जगत देख्न सक्छौ, त्यसरी नै ज्योतिषशास्त्रले तीनवटै काल (भूत, वर्तमान, भविष्य) देख्नेदेखाउने काम गर्दछ। हाम्रा श्रूति(वेद) र स्मृति (मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि) ग्रन्थद्वारा प्रतिपादित हुने योग, भक्ति, साधनाका मार्गहरू छन्, तिनीहरूको प्रतिपादनमा पनि ज्योतिषको भूमिका अनिवार्य र महत्वपूर्ण रहेको छ। वेदाङ्ग ज्योतिषमा यसको महत्व देखाउदै भनिएको छ-

*'यथा शिखामयूराणां नागानां मणयो यथा। तद्वद् वेदाङ्गशास्त्राणां ज्योतिषं मूर्धनि स्थितम् ॥'*

प्वाँख र शिखा विनाको मयुर, मणी विनाको नाग शोभाहीन हुन्छन्। त्यस्तै सबै वेदाङ्ग शास्त्रहरूमध्ये ज्योतिष मेरुदण्ड मानिन्छ। वेदका अन्य अङ्गहरूमा वाणीरुपी व्याकरणलाई मुख, सुवास लिने नाकको रुपमा शिक्षा, काम गर्ने हातको रुपमा कल्प, जीवन उपयोगी वचन भएको सुन्न योग्यग्रन्थ निरुक्त कान र सबैको हित चाहने, उमङ्ग प्रदान गर्दै कर्मशील बनाउने ग्रन्थ छन्द (साहित्य)लाई गोडा मानिएको छ। भाष्कराचार्यको भनाइ छ-

*"शब्दशास्त्रं मुखं ज्यौतिषं चक्षुषि श्रोत्रमुक्तं निरुक्तं च कल्पः करौ।*
*या तु शिक्षाऽस्य वेदस्य सा नासिका पादपद्मद्वयं छन्द आद्यैर्बुधैः ॥"*

सबै शुभकार्यहरू ज्योतिषसँग सम्बन्धित छन्। ज्योतिषको आधारमा पञ्चाङ्ग(पात्रो) बनाइन्छ।

### पञ्चाङ्ग

१ तिथि, २ वार , ३ नक्षत्र, ४ योग र ५ करणको घटिपला आदिको ज्ञान दिने पाँचवटा अङ्ग मिलेर बनेको हुन्छ। पात्रोको आधारमा शुभ अशुभ समयहरूको एकीन हुन्छ। लोकको व्यवहारमा आवश्यक पर्ने व्रत, पर्व, उत्सव, यात्रा, गृह निर्माण, गृहप्रवेश, यज्ञ आदिको मुहूर्त निर्धारण गर्न ज्योतिषको सहायता चाहिन्छ। स्वदेशको समय निर्धारण गर्न, अक्षांशदेशान्तर निर्धारण, व्यक्त र अव्यक्त गणित सम्बन्धि समस्याको समाधान, यन्त्र निर्माण, वास्तु शास्त्र अनुसार घरको व्यवस्थापन, हात-निधार आदि अङ्गका रेखा र बनोट हेरेर त्यसको आधारमा, स्वरको आधारमा, गतिको आधारमा, छायाको आधारमा, गन्धको आधारमा, आवर्तको आधारमा, जन्मकालिन ग्रहस्थितिको आधारमा, देखिएका शकुन अपशकुन जनित घटनाको आधारमा शुभ अशुभ फल बताउने कार्य केवल ज्योतिषले गर्दछ।

ज्योतिषको प्राण भनेकै गणित हो। गणित सम्बन्धि ज्योतिष शास्त्रलाई सिद्धान्त विज्ञान (astronomy science) भनिन्छ। सिद्धान्त शास्त्रहरू -सौर, ब्राह्म, रोमक, पुलिश, वाशिष्ठ गरी पाँच ज्योतिष सिद्धान्त मुख्य छन्। यी पाँच सिद्धान्तलाई पञ्च सिद्धान्त भनिन्छ। हामी सूर्यको सिद्धान्त अनुसार पात्रो बनाएर कार्य सम्पादन गर्छौ। हाम्रा दैनन्दिनीय जीवनचर्यामा अनेकौ कर्महरू र व्यवहारहरू हुन्छन्। विभिन्न कर्म वा घटनासँग सम्बन्धित कार्यकुशलताका तौरतरीकाहरू ज्योतिषका उदाहरणहरू हुन्। विश्वमा समस्या र आवश्यकता महसुस नगर्ने कुनै प्राणी हुदैन। त्यसमा पनि मानवीय समस्या र आवश्यकताहरू असंख्य हुन्छन्। समस्यालाई समाधान गर्न र आवश्यकतालाई पूरा गर्न मानिस व्यवस्थित हुन चाहन्छ। वर्तमानको समस्या समाधान गरेर भविष्यप्रति पनि मानिस पहिले सतर्क र तयार रहन चाहन्छ। त्यस अपेक्षालाई पूरा गर्न र भविष्य देखाउन सघाउने यदि कुनै शास्त्र छ त ज्योतिषशास्त्र नै छ। गणितमा भएका समस्या समाधान गर्न सूत्र चाहिन्छ। सूत्र उपपत्तिसँग सम्बन्धित छ। उपपत्तिको आधारमा सिद्धान्त प्रतिपादन हुन्छ। विश्वको बौद्धिक धरातल यिनै वाद, प्रणाली वा सिद्धान्तमा व्यवस्थित छन्। गणितको यस प्रकृयागत ज्योतिषलाई सिद्धान्त ज्योतिष भनिन्छ। सिद्धान्तमा उपपत्ति, उदाहरण, सूत्र, श्लोक आदि हुन्छन्।

ज्योतिषमा गणितबाट प्रतिपादित सिद्धान्तको आधारमा फलादेश गरिन्छ, यसलाई फलित ज्योतिष (astrology science) विज्ञान भनिन्छ। जसरी विज्ञको गणितको उत्तरहरू गल्ती हुँदैन, त्यसैगरी विज्ञ ज्योतिर्विदले गणित गरेर त्यसको निष्कर्ष अनुसार फलादेश गरेमा नतीजा अकाट्य नै हुन्छ। वर्तमान समयमा ज्योतिषको मर्म अनुरुप अध्ययन गरेर फलादेश गर्ने ज्योतिषीको अभाव छ। अल्पज्ञहरू चोक चौरमा प्रशस्त मात्रामा भेटिन्छन् र ठगेर पेटपालो गर्दछन्। विद्वान विज्ञ व्यक्तिलाई आफ्नो विज्ञापन नगरे पनि फुर्सद हुदैन। सेवाग्राही खोजिरहनु पनि पर्दैन। फलित ज्योतिषका जन्म समयका आधारमा जातकको फलादेश गर्ने जातकशास्त्र, हातको रेखाको आधारमा फलादेश गर्ने विधि भएको सामुद्रिक शास्त्र, घर व्यवस्थापन र त्यसको फलादेश सम्बन्धि वास्तुशास्त्र, प्रश्न लग्नको आधारमा फलादेश गरिने विधि ताजिक शास्त्रका विधिहरू प्रचलनमा रहेका छन्। ज्योतिषमा हिडाइ वा काम गराइको गति, मानिसको छाया, शरीरको गन्ध, बोलीको वा स्वरको आधारमा पनि फलादेश हुन्छ। अहिले ती शास्त्रलाई आधार मानेर ठगहरू मौलाएका कारण वास्तविक ज्योतिषको मर्ममाथि कुठाराघात भएको छ।

ज्योतिष समयप्रधान शास्त्र हो। समयलाई काल पनि भनिन्छ। विश्वब्रह्माण्डको गतिस्थिति, रचना आदि प्रकृयाको सूक्ष्म अध्ययन ज्योतिष शास्त्रबाट गर्न सकिन्छ -'विश्वब्रह्माण्डस्य विकास रचनादिप्रकृयाणां सुसूक्ष्म अध्ययनविषयकं शास्त्रं ज्योतिषशास्त्रं ज्योतिषम्।' काल गणना गर्ने हाम्रा विभिन्न विधिहरू छन्। प्रमूख रुपमा दुई विधि प्रचलनमा छन्। ती हुन् :-सौर विधि र चान्द्र विधि। विश्वमा अहिले प्रचलित आधुनिक विधि - घण्टा, मिनेट, सेकेण्ड, दिन, रात, पक्ष, महिना, वार, ऋतु, अयन, वर्ष आदि छन्। ज्योतिषमा काल गणनाका प्राचीन विधिहरू यस्ता छन् -

### सूक्ष्म काल

एक सेकेण्ड/३२४०००= १ त्रुटि
एक सेकेण्ड/५०००४= १ रेणु (६०त्रुटि)
एक सेकेण्ड/९०० = १ लव(६० रेणु)
एक सेकेण्ड = १ लीक्षक(६० लव)
चार सेकेण्ड = १ प्राण(६०लीक्षक)
एकपटक सास लिएर छाड्ने अवधि।

### स्थूल काल

६ प्राण(६०विपल) = १ पल (२४ सेकेन्ड) ६० पला=१ घटी(२४मिनेट)
६०घटी = १ दिनरात वा अहोरात्र (२४घण्टा) २ घटी= १ मुहूर्त( ४८मिनेट)
८ प्रहर = एक दिनरात(२४घण्टा) ३० अंश=१ राशि
१२राशि=१ भगण ३० दिन=१ महिना( दुईपक्ष-शुक्लकृष्ण)
१५ तिथी=१ पक्ष २ महिना =१ ऋतु
६ महिना=१ अयन वृहस्पतिको एक राशि पार गर्दाको समय=१ संवत
१२ महिना=१ वर्ष, संवत्सर। संवत्सर ६० वटा हुन्छन्।
चार लाख ३२ हजार वर्ष कलियुग=४३२०००वर्ष
आठ लाख ६४ हजार वर्ष =द्वापर युग (४३२०००x२=८६४००० कलिको द्विगुणा)
बाह्र लाख ९६ हजार वर्ष =त्रेता युग (४३२०००x३=१२९६००० कलिको तीनगुणा)
सत्र लाख २८ हजार वर्ष =सत्य युग (४३२०००x४=१७२८००० कलिको चारगुणा)कृतयुग
४ वटै युगको जोड=एक महायुग(४३२००००)
७१महायुग+कृतयुगमान=१मन्वन्तर
१४मनु+ कृतयुगमान=१ कल्प १०० महायुग=१कल्प
२ कल्प=१ब्रह्म दिन(अहोरात्र) १५ कृतयुग=६ महायुग

हामी सबैले सूर्योदय, मध्यान्ह, सन्ध्या रात्रि आदि अनुभव गरेकै छौं। ३० दिनको एक महिना ३६५दिनको एक वर्ष अर्थात् १२ महिनाको एक वर्ष भन्ने हामी सबैलाई जानकारी छ। यो सबै पृथ्वीको अक्ष भ्रमण र कक्ष भ्रमणको कारण हुने हो। सूर्य एक राशिबाट अर्को राशिमा सङ्क्रमण (परिवर्तन) हुने दिनलाई हामी सङ्क्रान्ति भन्दछौ। प्रत्येक सङ्क्रान्तिमा सूर्यले राशि परिवर्तन गर्दछ।

पृथ्वीमाथिको पूरै आकाशलाई वृत (परिक्रमा) मानेर त्यसलाई १२ ले भाग गर्दा एक राशि आउँछ। अर्थात् एउटा वृत्तमा ३६०ं हुन्छ। त्यसलाई १२ ले भाग गर्दा ३०ं आउँछ। यही तीस अंश गत(बितेपछि)को समयअवधिलाई एक (मास) महिना भनिन्छ। यही तीस दिनको अवधिमा आकाशका १२ वटा भागमध्ये कुनै एक भागमा सूर्य भएको बेला सूर्यको प्रकाश बिहान हाम्रो ठाउँसम्म आउँछ, यसैलाई हामी ......राशिबाट सूर्योदय भएको मान्दछौं।

वैशाख महिनाको सूर्योदय मेष राशिबाट, जेठ महिनाको सूर्योदय वृष राशिबाट, असारको मिथुन, साउनको महिना कर्कट राशिबाट सूर्योदय हुने हुँदा श्रावण १ गतेलाई कर्कट सङ्क्रान्ति भनिन्छ। त्यसैगरी भदौमा सिंह, असोजमा कन्या, कार्तिकमा तुला, मङ्सिरमा वृश्चिक, पुसमा धनु, माघमा मकर राशिबाट सूर्योदय हुने भएकोले माघ १ गतेको स्नानलाई मकरस्नान भनिन्छ। त्यस्तै फागुनमा कुम्भ र चैतमा मीन राशिबाट सूर्योदय हुन्छ। त्यस्तै एक राशिभित्र पर्ने ३० अंशलाई गते भनिन्छ ,गतेको अर्थ बितेको भन्ने हुन्छ। एक अंश बितेकोलाई १ गते, २ अंश बितेकोलाई २ गते एवं रीतले ३० अंश बितेकोलाई ३० गते भनिन्छ।

पृथ्वीको गति अनुसार यसरी गणना गरिने समयलाई सौर गणना भनिन्छ। सौरको अर्थ हुन्छ- सूर्यको उदयास्तका आधारमा। हाम्रा पितापुर्खाले पृथ्वीमा सूर्यको प्रकाश देखियो भने घाम झुल्कियो। घामको प्रकाश हरायो भने सूर्यास्त भयो भनेर पृथ्वी घुमेको नमानी सूर्य घुमेको सोचेर भाषागत रुपमा भन्दै आएकाले चलन चल्ती अनुसार सूर्यको गति अनुसार सौरदिन, सौरमहिना र सौरवर्ष भन्दै आएको पाइन्छ। सौरदिन वर्षमा ३६५ र महिनामा २८ देखि ३२ दिनको हुन्छ।

समय गणनाको अर्को तरीका चन्द्रमाको अनुसारको गणना हो। चन्द्रमाको गणना अनुसार हुने गणनालाई चान्द्रदिन, चान्द्रमास र चान्द्रवर्ष भनिन्छ। चन्द्रमाले पृथ्वीको परिक्रमा गर्दछ। यो आफ्नो प्रकाश र ताप नभएको पृथ्वीको उपग्रह हो।

# नेपाली लोक गीत तथा नृत्य

**डा खगेन शर्मा**

### गीत–नृत्य

नेपाली लोक संस्कृतिको चर्चा गर्दा गीत-नृत्यलाई समेट्नु पर्ने हुन्छ। विशेषगरी नेपाली लोकगीत-नृत्यमा सम्पूर्ण जातिको परिचय लुकेको हुन्छ। यहाँ नेपाली जातिका कतिपय गीत नृत्यहरूको छोटो परिचय दिइन्छ।

### झ्याउरेः

बाह्रै महिना गाइने नेपाली समाजको सबभन्दा लोकप्रिय मनोरञ्जन प्रधान गीत हो झ्याउरे। झ्याउरे लोकगीतको साथ मादलको तालमा झ्याउरे नाच पनि नाचिन्छ। कुनै निश्चित कार्यसँग सम्बन्ध नभएको सबै मनोरञ्जनात्मक गीतहरू झ्याउरे हुन्। कुनै उत्सवमा, मेलापातमा जाँदा, कामबाट फुर्सद पाएका बेला साथीभाइहरू भेला भएर झ्याउरे गीत गाउने चलन छ।

### सङ्गिनीः

नेपाली नारी समाजमा प्रचलित अर्को गीत हो सङ्गिनी। विशेष गरी बाहुन छेत्रीहरूको समाजमा प्रचलित सङ्गिनी गीत नारी समुदायले मात्र गाउने गर्दछन्। तीजको बेलामा, मेलापात जाँदा, जाँतो पिन्दा, ढिकी कुट्दा, घाँस काट्न जाँदा र पात टिप्न जाँदा खास लयमा यो गीत गाइन्छ। सबै साथीसङ्गी मिलेर गाइने भएकाले यसलाई सङ्गिनी भनिएको हुनुपर्छ।

### मारुनीः

मारूनी गीतनृत्यको एउटा विशेष महत्व के छ भने यो नृत्य गाई तिहारे औंसीका दिनदेखि आरम्भ भएर पूर्णिमासम्म गाइने र नाच्ने गरिन्छ। शुभ मङ्गलाचरणबाट यो गीतिनृत्य आरम्भ हुन्छ। मारूनी गीतिनृत्यमा नेपालीको सामाजिक, आर्थिक, बौद्धिक, सांस्कृतिक, सैक्षिक आदि सबै पक्षको चित्रण यसले गर्दछ। यस नृत्यमा दुईजना मादले, एकजना ढटुवारे, एकजना नारीको भेषमा पुरूष नृत्य-कलाकार हुन्छन्। चारैतिर घुमीघुमी गीत गाउदै नाच्दै सबैलाई मनोरञ्जन दिलाउँछन् यी कलाकारहरूले।

### तीज गीतः

नेपाली नारी समाजमा प्रचलित अर्को लोकप्रिय गीत हो तीजगीत। भदौ महिनाको तृतीया तिथीमा सबै नेपाली चेलीबेटीहरू मिलेर भगवान शिवको पूजा गर्ने चलन छ। यसदिन सबै रमाइलो गर्दै गीतनृत्य गर्दछन् र मनका दुःख भुल्ने प्रयास गर्छन्। यी गीतहरूलाई पर्वगीत पनि भन्ने चलन छ।

### भैलोः

गाई तिहारे औंसीका दिन गाउँघरका चेलीबेटीहरू तथा महिलाहरू मिलेर घरघरमा गएर गाउने गीत हो भैलो। भैलो गाउदा पौराणिक कथा र देव देवीको आराधना गर्ने र घरपतिलाई आशिक दिने गर्छन्। घरपतिले भेलो खेल्न आउनेलाई सिधा दिने चलन छ। भैलो खेल्नेहरूले आशीर्वाद स्वरुप कहिल्यै पनि दुःख नपरोस्, सुख शान्ति भइरहोस् भन्दै त्यहाँबाट बिदा लिन्छन्।

### देउसीः

गाई तिहारे औंसीका भोलिपल्ट गाउघरका केटा, बुढापाका मिलेर देउसी खेल्न जाने गर्दछन्। सबै मिलेर प्रत्येक घर(घरमा गई आँगनमा नाचदै देउसी खेलने गर्दछन्। एकजना भट्याउने र अरू साथीहरूले त्यसलाई पछ्याउँदै जान्छन्। भैलो जस्तै देउसी गीत पनि हाम्रा पौराणिक कथा, वीररस, तथा अन्यान्य रोचक घटनाहरूमा आधारित हुन्छ। देउसीको अन्त्यमा घरपतिलाई आशिक दिँदै सिधा लिएर देउसे बिदा हुन्छन्।

### तामाङ सेलोः

नेपाली जातिका तामाङहरूको समाजमा प्रचलित नृत्यगीत हो तामाङ सेलो। यो गीत गाउँदा डम्फु बजाएर नाच्ने चलन अघिदेखि चलिआएको हो। वर्तमान यो गीत समग्र नेपाली जातिको नृत्यगीत भइसकेको छ। सबै नेपालीले यो गीत गाउँन र नाच्न मन पराउँछन्।

### बेंठीः

बेंठी गीत ऋतुकालीन गीत अन्तर्गत पर्दछ। खेत रोपेर सकिने दिन अर्थात् मैझारो गर्ने दिन खेतमा गएका सबै गोठाला खेतालाहरूले धेरै हर्षउल्लासका साथ बाजागाजा सहित गाउँने र नृत्य गर्ने गर्दछन्। हिलो छ्यापाछ्याप् गर्दै खुसी मनाउँदै यो गीत गाउँने चलन छ।

### बालन (लोक/नाट्य)

पौराणिक कथामा आधारित हुन्छ बालन। लोक( नाट्य अन्तर्गत बालनमा पौराणिक कथा, रामायण, महाभारत, तथा अन्यान्य धार्मिक विषयवस्तुलाई कथावस्तु बनाएर बालन खेल्ने गरिन्छ। यसमा विभिन्न ज्ञानबर्धक, उपदेशात्मक, शिक्षामूलक र मनोरञ्जनले भरिपूर्ण कथावस्तु रहन्छन्।

### गाउँखाने कथाः

गाउँखाने कथा फुर्सदको बेला अथवा विश्रामको बेला बसिबियाँलो गर्दा भनिने वा सोधिने कथा हो। दुइचारजना बसेर एक अर्कालाई अड्को थापने वा बुद्धिपरीक्षा गर्ने परम्परा प्राचीनकालबाटै चलिआएको छ। एउटा सानो कुरालाई ठम्याउन नसक्ने पारी घुमाईफिराई प्रश्न गरिन्छ र त्यसको उत्तर मागिन्छ। उत्तर दिन नसके गाउँ दिनुपर्ने हुन्छ। यसलाई गाउँखाने कथा भनिन्छ।

*जस्तै*
*दिए बढछ, नदिए घटछ भनेको के हो ?--विद्या*
*अग्लो पहरामा गुराँस फुलेको भनेको के हो ? --टिका*
*आगो न पानी रोटी पकाउने बानी भनेको के हो ? --मौरी*
*खान त खाँए तर चाखेकै छैन भनेको के हो ? --किरिया*
*दिउसो उल्टो राति सुल्टो भनेको के हो ? --चमेरो*
*पुडके बाहुनको सुर्के चन्दन भनेको के हो ? --मास*
*पुतली चरी गीत गाउँदै झरी भनेको के हो ? --सनाई*
*बाहिर सुन भित्र चाँदी भनेको के हो ? --पाकेको केरा*
*बेहुला न बेहुली घरभरी जन्ती भनेको के हो ? --कमिलाको ताँती*
*मलाई काटे दुख्छ तँलाई काटे दुख्दैन भनेको के हो ? --(मासु र नङ)*
*मुखबाट जन्माउने, मुखबाटै हुर्काउने भनेको के हो ? --(भुँइकटहर)*
*रातो थैलीभरि पैसै पैसा भनेको के हो ? --खोर्सानी*
*रातो छ धुलो, काम गर्छ ठूलो भनेको के हो ? --(सिन्दूर)*
*लहरो तान्दा पहरो थर्किने भनेको के हो ? --मोही पारेको*
*लोग्नेले स्वास्नीको सबै कुरा देख्छ, एउटै कुरा देख्तैन भनेको के हो ? --विधवा भएको*
*सय भाइको एउटै चिहान भनेको के हो ? --खरानी*
*सुरिला रूखमा एउटै पात भनेको के हो ? --पुन्यौं*
*हेरे दुइटा, नहेरे एउटा भनेको के हो ? --ऐना*
*हेर्दा काली, नाम भने राती भनेको के हो ? --रात*
*हेर्दा छ, समात्दा छैन भनेको के हो ? -- (छायाँ*
*सिलोक)*

नेपाली समाजमा प्रचलित फुटकर लोक-पद्यहरूलाई सिलोक भनिन्छ। यी पद्यहरू विभिन्न शास्त्रीय छन्दमा रचिएका हुन्छन्। तापनि कतिपय ठाउँमा छन्द भङ्ग भएको देखिन्छ। यस्ता सिलोकमा मान्छेले प्रश्नोत्तर गर्ने, आफ्नो परिचय दिने, गाउँ घरको वर्णन गर्ने, आफ्नो पेसा, गाईभैसी आदिको कुरा गर्दछन्।

*जस्तै*
*घाँस काटन भनेर गएको म थिएँ घाँसै काटे कुर्करे।*
*सिलोक भन्नको तँ सिपालु रहिछस् लागोस तँलाई तुर्तरे ॥*
*घाँस काटन भनेर गएको म थिएँ घाँसै काटे गेडुले।*
*सिलोक भन्नको तँ सिपालु रहिछस् स्वास्नी लगोस् ढेडुले ॥*
*ए! कान्छा मुखिया बडा बुझ तिमी घर हो हजुरको कहाँ ?*
*दाना पानी रह्यो र भेट हुन गयो ऐसेलु खर्कोमहाँ।*
*रातभरि बसियो सिलोक कथियो सुखदुख मनैमा रहोस्।*
*हामी जाने भयौं ढोटने खोला तरी हजुरको राज यै हवस् ॥*
*महिला र पुरुष दुवै थरीले घाँसदाउरा र ढिकीजाँतो गर्दा, गाई चराउँदा, पुजाआजामा जाग्राम बस्दा यी सिलोकहरू भन्छन्।*

### सवाईः

सवाई वर्णनात्मक लोक कविता हो। यसमा अन्त्यानुप्रास मिलेका दुई चरण हुन्छन्। नेपाली जातिका गाइनेहरू र गाउँ घरका बुढापाकाहरू सवाई गाउँने गर्छन्। यो मौखिक परम्परामा आधारित छ। यसमा सामाजिक, ऐतिहासिक घटनाहरूका साथै घरघरमा चल्ने सासुबुहारीको झगडा र अन्यान्य ससाना कुराहरूलाई रोचक ढङ्गमा प्रस्तुत् गरेको हुन्छ।

*जस्तै*
*सुन सुन पाँच हो म केही भन्छु*
*सासू र बुहारीको सवाई कहन्छु*
*सासू भन्छे बुहारी, बुहारी भन्छे जीऊ*
*सिङमाङमा राखेको कल्ले खायो घीऊ ?*
*बुहारी- देख्नु न सुन्नु तेसै मलाई दोष*
*चाहिँदैन तिम्रो घीउ तिम्रै छोरो पोस*
*सासू- ढोका सबै बन्द गर्छु कोठा सबै खोल्छु,*
*अबदेखि चोरिस् भने मुख तेरो पोल्छु।*
*बुहारी- सिरकको खोल नाहिँ करंगेको पल्ला*
*बुहारीको मुख पोले नाउँ तिम्रो चल्ला।*

### उखानः

उखान सबै जाति र भाषामा पाइन्छ अनि यसको विशेष महत्व हुन्छ। नेपाली समाजमा पनि उखानको ठूलो स्थान छ। यसले नेपालीको सांसारिक रीति-नीतिहरू, धर्मकर्म, पाप र पुण्य, व्यक्ति स्वयं, घरपरिवार, अर्तिउपपदेश, सम्बन्धी र इष्टमित्र, जातपात आदिको विशेषता बोकेको हुन्छ। जस्तैः रिस खा आफू, बुद्धि खा अरू। नबिराउनू, नडराउनू। आफ्नो खैजडी आफ्नै ताल। धर्म डग्दैन पाप तग्दैन। धर्मको धन साँचो हो, मन चङ्गा त कठौतीमा गङ्गा।

# दुई वर्षमा १४ लाख परिवारले भूमिपूर्जा पाउनुपर्ने



**नारायण ढुङ्गाना** / काठमाडौं

सुकुम्वासीका समस्या समाधान गर्ने र उनीहरूलाई भूमिको मालिक बनाउन विगतका वर्षमा धेरै प्रयास भए। चुनाव आउँदा राजनीतिक दलले समस्या समाधान गरी भूमिमालिक बनाउने भन्दै ठूलै आश्वासन पनि बाँडेका थिए। तर अझै पनि झण्डै पाँच लाख सुकुम्वासी भूमिविहीन भएर बसिरहेका छन्। कूल गरेर १४ लाखको समस्या समाधान गर्नुपर्ने जिम्मेवारी छ।

विगतमा रहेको सुकुम्वासी समस्या समाधन आयोगलाई अहिले नाम फेरेर भूमिसम्बन्धी समस्या समाधान आयोग बनाइएको छ। भूमिहीन नागरिकले नामले मात्रै नभइ व्यवहारतः काम पनि फेर्नुपर्ने माग गर्दै आएका छन्। सरकारले अहिले अन्तिम पटकका लागि भनेर भूमिहीनका समस्या समाधानका लागि काम अघि बढाएको छ। आयोगका अध्यक्ष देवीप्रसाद ज्ञवाली तोकिएकै समयमा भूमिविहीनलाई भूमि उपलब्ध गराउनका लागि आवश्यक नियम, कानून तथा निर्देशिका परिमार्जन गरेर काम अघि बढिसकेको बताउँछन्।

प्राप्त विवरणअनुसार मुलुकभर साँढे पाँच लाख सुकुम्वासीलाई राज्यले जग्गा उपलब्ध गराउनुपर्ने छ भने बाढीपहिरोलगायत विभिन्न कारणबाट विस्थापित भएका तथा अन्य कारणले पूर्जा नपाएका झण्डै नौ लाखसहित गरेर १४ लाखले भूमि प्रमाणपूर्जा पाउनुपर्ने अवस्था रहेको आयोगका प्रवक्ता भीमबहादुर कार्की बताउँछन्।

सरकारले उनीहरूबाट निश्चित राजश्व लिएर जग्गाधनी पूर्जा दिने व्यवस्था गरेको छ। गरीब विपन्नलाई कम र माथिल्लो तहका लागि अली बढी राजश्व लिने व्यवस्था गरिएको छ। 'मालपोत मूल्यअनुसार गरिबलाई ८ प्रतिशत र अन्यका हकमा २०० प्रतिशतसम्म राजश्व लिने प्रावधान छ', कार्कीले भने, 'यसबाट झण्डै साँढे दुई खर्ब राजश्व सङ्कलन हुने लक्ष छ।' यसका साथै विगतका आयोगले गरेका अधुरा काम र भूमि उपयोग गरिरहेका तर पूर्जा प्राप्त नगरेकाको जग्गाको व्यवस्थापन पनि गर्नुपर्ने अभिभारा आयोगलाई छ।

पछिल्लो समयमा तीन वर्षे कार्यकाल रहेको आयोगको झण्डै एक वर्ष सकिएकाले अबको दुई वर्षमा काम सम्पन्न गर्नुपर्ने जिम्मेवारी रहेको भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव टेकनारायण पाण्डे बताउँछन्। अहिले सुकम्म्वासीले कहिले जग्गा पाउने भनेर प्रतिक्षा गरिरहेका छन् भने विचौलीया जग्गा हात पार्ने प्रयासमा रहेकाले त्यसतर्फ सचेत हुनुपर्ने अवस्था रहेको प्रवक्ता कार्कीले सुनाए।

आयोगका लागि मुख्य जिम्मेवारी भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गाधनी प्रमाणपूर्जा दिनुनै हो। अवस्स्था हेरी खेती किसानीका लागि भनेर कृषि जग्गा नै उपलब्ध गराउनुपर्ने प्रावधान रहेको छ। यस्तै अव्यवस्थित रुपमा बसोबास गरिरहेकाको व्यवस्थापन गर्ने अर्को जिम्मेवारी आयोगलाई छ।

नेपालको संविधान २०७२ ले नै आवासको हक, सम्पत्तिको हक, समानताको हक तथा सामाजिक न्याय र सुरक्षाको हकको व्यवस्था गरेको छ। दलितको हकको व्यवस्था पनि छ। तसर्थ संविधान कार्यान्वयनका लागि पनि जग्गाधनी पूर्जा वितरण गर्नुपर्ने टड्कारो आवश्यकता छ।

### घरघरमै पुगेर लगत सङ्कलन

विगतमा सुकुम्वासी समस्या समाधान आयोग हुँदा निवेदन आह्वान गर्ने गरिएको थियो। त्यो विधि वैज्ञानिक नभएको निष्कर्ष निकालेर यसपाली भने सूचना प्रविधिलाई अधिकतम उपयोग गर्दै घरघरमै पुगेर लगत सङ्कलन गरी वास्तविक समस्या पहिचान गर्न खोजिएको छ।

'तथ्याङ्क सङ्कलन बाहेक सबै काम डिजिटल रुपमै हुन्छ, जग्गाधनी प्रमाणपत्रसमेत सफ्टवेरबाटै प्रिन्ट गरेर दिने व्यवस्था मिलाइएको छ', आयोगका विज्ञ सदस्य जगतबहादुर देउजाले भने। उनका अनुसार आवश्यकताअनुसार सेटेलाइट, ड्रोनको प्रयोग गरेरसमेत काम अघि बढाइने छ।

उनका अनुसार अहिलेसम्म ५३ प्रतिशत बढी स्थानीय तहसँग समझदारी भएर आवश्यक प्रक्रिया अघि बढिरहेको र दैनिक दशौं हजारको लगत सङ्कलन भइरहेको छ। सबैभन्दा राम्रो प्रगति गण्डकी प्रदेशमा ९५ प्रतिशत भएको उहाँले बताउनुभयो। प्राप्त विवरणमा अहिलेसम्म यसरी एक लाख ५० हजार बढीको लगत सङ्कलन भइसकेको छ।


आगामी असोजसम्ममा जग्गा प्राप्त हुन नसके कानूनी बाटो अवलम्बन गर्ने अधिकारसमेत खुला भएकाले आयोगलाई ठूलो दबाब रहेको देउजा सुनाउँछन्। प्राप्त विवरणमा झण्डै एक करोड १० लाख कित्ता जग्गामा भूमिहिनले आवाद गरिरहेका छन्। ती जगग अनौपचारिक रुमपासमेत किनबेच भइरहेको छ।

## ४ सय बढी पालिकासँग सम्झौता

आयोगका अनुसार अहिले जग्गाधनी पूर्जा वितरणका लागि आवश्यक प्रक्रिया अघि बढेको छ। आयोगले दिएको विवरण अनुसार अहिलेसम्म ४०१ पालिकासँग यस प्रक्रियाका लागि सम्झौता भइसकेको छ। कूल ७५३ पालिकामध्ये अन्यसँगै सम्झौता गर्न बाँकी छ। अन्य पालिकासँग सम्झौता गर्न केही समस्या रहेकाले त्यसलाई आवश्यक समन्वयका साथ काम गर्न आयोगका जिल्ला समितिका पदाधिकारीलाई सरकार र आयोगले निर्देश गरिसकेको छ।

केही दिनअघि मात्रै शपथ खाएर जिल्ला गएका आयोगको जिल्ला समितिका अध्यक्ष, विज्ञ सदस्य तथा सदस्यहरूले समन्वय गरेर काम अघि बढाउने प्रतिबद्धता जनाइसकेका छन्। यसरी भूमि उपलब्ध गराउनु भनेको सामाजिक न्याय र समानतासहित संविधानले अवलम्बन गरेको मुलुकलाई समाजवादतर्फ उन्मुख गराउने महत्वपूर्ण कडी हो। सचिव पाण्डे यस्तो परिस्थितिमा जग्गा दलालले आँखा लगाउनसक्ने भएकाले विशेष सचेत हुन अनुरोध गरे।

# झापामा बढ्दै अर्बुद रोगी



**टुडे एक्सप्रेस** / झापा

झापामा क्यान्सर रोगीको सङ्ख्या बढिरहेको तथ्याङ्कले देखाएको छ। विषादीयुक्त खानेकुरा, असन्तुलित जीवनशैली र बेलैमा उपचारको अभावले क्यान्सर रोग स्वास्थ्य क्षेत्रको ठूलो चुनौती बनेको छ।

प्रदेश १ को पूर्वाञ्चल क्यान्सर अस्पतालमा हरेक दिन ६२ जना क्यान्सरका रोगी ओपिडीमा स्वास्थ्य परीक्षणका लागि आउने गरेका छन्। एक वर्षअघि विर्तामोडमा स्थापना भएको यो अस्पतालमा सोही अवधिमा १८ हजार ४४५ जनाले क्यान्सरकै उपचार गराएका छन्। जसमध्ये दुई हजार ९४५ जना क्यान्सरका नयाँ बिरामी थिए। अस्पतालका जनसम्पर्क अधिकृत प्रमिस गिरीका अनुसार एक वर्षको अवधिमा अस्पतालमा ५८० जना क्यान्सरका बिरामीको शल्यक्रिया र ६५४ जनाको रेडियोथेरापी विधिबाट उपचार गरिएको छ।

अस्पतालका मेडिकल डाइरेक्टर डा वीरेन्द्र यादवले नेपालभरिकै तथ्याङ्कलाई हेर्ने हो भने झापामा सबैभन्दा बढी क्यान्सरका बिरामी रहेको बताए। काठमाडौं, भक्तपुर, चितवन र भारतका विभिन्न शहरमा उपचारमा जाने क्यान्सरका बिरामीहरूमा झापाकै धेरै भएको उनले बताए। उनले पूर्वाञ्चल क्यान्सर अस्पतालमा देशभरिकै जिल्लाबाट बिरामी आउने गरेको जानकारी दिँदै झापामा बढिरहेको क्यान्सर सङ्क्रमण न्यूनीकरणका लागि व्यापक जनचेतना अभियानको जरुरत रहेको बताए।

गत एक वर्षमा पूर्वाञ्चल क्यान्सर अस्पतालमा उपचारका लागि आएका दुई हजार ९४५ जना नयाँ बिमारीमध्ये आधा झापाकै छन्। अस्पतालकाअनुसार सो अवधिमा एक हजार ४६२ जना क्यान्सरको उपचारका लागि आएका नयाँ बिरामी झापाकै थिए। मोरङबाट ४३१ र सुनसरीबाट २९६ जना नयाँ बिरामीले क्यान्सरको उपचार लिएका छन्। 'क्यान्सरका जति बिरामीहरू आउँछन्, तीमध्ये धेरैजसो महिला र त्यसमा पनि स्तन क्यान्सरका बिरामी छन्,' डा यादवले भने, 'विषादीयुक्त खानपान, चुरोट-मदिराको सेवन र बेलैमा स्वास्थ्य परीक्षण नगराउने आदतले गर्दा क्यान्सर फैलिरहेको छ।'

उनी कार्यरत रहेको अस्पतालले एक वर्षमा १४९ को स्तन क्यान्सर, १०७ फोक्सो क्यान्सर र ८४ पाठेघरको मुखको क्यान्सरको उपचार गरेको छ। पाठेघरको मुख, डिम्बाशय र स्तन क्यान्सर महिलालाई लाग्ने रोग हो। नेपालमा हरेक वर्ष ३५ हजार क्यान्सरका नयाँ रोगी थपिने गरेका छन्। सरकारले विपन्न बिमारीका लागि उपचारमा सहायता पुऱ्याउन कोष खडा गरी एकपटकका लागि स्थानीय तहको सिफारिसमा रु एक लाखको उपचार सहयोग गर्दै आएको छ।

झापाको विर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालसहित नेपालमा क्यान्सर अस्पतालको सङ्ख्या पाँचमात्र छ। क्यान्सरको उपचार प्रदान गर्ने स्वास्थ्य संस्थाको सङ्ख्या १२ छ भने मुलुकभरिमा क्यान्सर रोग विशेषज्ञको सङ्ख्या ६० मात्र छ। आर्थिक वर्ष २०७६/७७ मा झापामा एक हजार ३२१ जना क्यान्सरका बिरामीले जनही रु एक लाखको विपन्न कोषबाट उपचार सहायता लिएका छन्। बिरामीले एकपटक मात्र यस्तो सहायता पाउँछन्। उक्त अवधिमा झापाको पूर्वाञ्चल क्यान्सर अस्पतालमा विपन्न उपचार कोष लागू भएको थिए।

सो अस्पतालमा उपचार गराएका एक हजार ४६२ र अन्य अस्पतालमा उपचार गराउँदा सहयोग पाएकाहरूको सङ्ख्या जोड्दा झापामा गत वर्ष दुई हजार ७८३ जना क्यान्सरका नयाँ बिरामीको पहिचान भएको देखिन्छ। मुलुकबाहिर गएर उपचार गराउनेको सङ्ख्या यहाँ सामेल छैन। जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईं झापामा क्यान्सर रोगको सङ्क्रमण भयावहरूपमा फैलिरहेको बताउँछन्। रोग लागेर उपचार गर्न धेरै धनराशि खर्च गर्नुभन्दा रोग लाग्नै नदिने रोकथामको उपायमा लाग्नु राम्रो हुने उनको धारणा छ।

चुरोट र मदिराको अत्यधिक सेवनले फोक्सोको क्यान्सर हुने सम्भावना बढी हुने र खैनी र गुट्खा खाँदा मुखको क्यान्सरको जोखिम हुने क्यान्सर रोग विशेषज्ञ डा वीरेन्द्र यादवले बताए। खानपान र व्यायाममा ध्यान दिने हो र तनावबाट मुक्त रहने हो भने क्यान्सरको मात्र होइन, धेरै प्रकारका रोग लाग्नबाट जोगिन सकिने उनको सुझाव छ।

# अब त्रिविमा फागुनदेखि भौतिक उपस्थितिमा पढाइ

**टुडे एक्सप्रेस** / काठमाडौं

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले आगामी फागुन अन्तिम सातादेखि स्नातक र वैशाखदेखि स्नातकोत्तर तहको पढाइ भौतिक रुपमासञ्चालन गर्ने भएको छ।

कोभिड-१९ को कारणले भौतिक रुपमा उपस्थिति नभइ रोकिएको पढाइ फागुन अन्तिम सातादेखि शुरु गर्ने भएको त्रिविका (रजिष्ट्रार) प्रा डा पेशल दाहालले जानकारी दिए। उनले कोभिड-१९ सामान्य भइसकेकाले भौतिक रुपमा विद्यार्थी उपस्थिति गरेर कक्षा सञ्चालन गर्न थालिएको बताए।

कोभिड-१९ पछि त्रिविले भर्चुअल विधिबाट कक्षा सञ्चालन गर्दै आइरहेको थियो। त्रिविले कोभिड-१९ को कारणले यस वर्ष तीन महिनापछि मात्र कक्षा सञ्चालन गर्न थालेको हो। उनका अनुसार केही क्याम्पसले स्थानीय तहको स्वीकृत लिएर पहिल्यैदेखि नै पठनपाठन शुरु गरिसकेका छन्। 'कोभिड-१९ को कारणले हामीले तीन महिनापछि मात्र कक्षा सञ्चालन गर्न थालेका हौ,' उनले भने, 'त्यो पनि कक्षा १२ को परीक्षाफल ढिला प्रकाशन भएकोले मात्र तीन महिना ढिला भएको हो।'

त्रिविले पढाइ सञ्चालनका लागि अहिले प्रवेश परीक्षा लिइरहेको छ। उनले बन्दाबन्दीले रोकिएका परीक्षा धमाधम लिँदै र नतिजा प्रकाशनको काम भइरहेको जानकारी दिए। 'मङ्सिरदेखि अहिले पनि परीक्षा सञ्चालन भइरहेका छन्', उनले भने, 'ती सबै परीक्षाको परीक्षाफल यही फागुन-चैत महिनाभित्र प्रकाशित गर्ने योजना रहेको छ।'

कोभिड-१९ को कारणले गत चैतदेखि स्थगित भएको त्रिविको परीक्षा गत मङ्सिरदेखि सञ्चालन भएको थियो। त्रिवि अन्तर्गत देशभरि एक हजार १२४ क्याम्पस रहेका छन्।

# तेस्रो राष्ट्रिय बेटी सम्मेलन

**टुडे एक्सप्रेस** / वाग्मती

वाग्मती प्रदेशको राजधानी हेटौंडामा मंगलवारदेखि तेस्रो राष्ट्रिय बेटी सम्मेलन हुने भएको छ। मेचीदेखि महाकाली, हिमाल, पहाड तराईका छोरीबेटी तथा महिला अधिकारकर्मीहरूको एकता गर्ने उद्देश्यले हेटौंडामा माघ २९ गतेसम्म तीनदिने तेस्रो राष्ट्रिय बेटी सम्मेलन हुन लागेको हो। समाजमा हुने महिला हिंसालगायत विभिन्न कूप्रथाविरुद्ध र लैङ्गिक समानता र समावेशी अधिकारका लागि



'आसनमा महिला, भाषणमा महिला र शासनमा महिला' भन्ने मूल नाराका साथ सम्मेलन आयोजना गरिएको सम्मेलन मूल आयोजक कमिटीका संयोजक नजबुल खानले जानकारी दिइन्।

सम्मेलनमा देशभरबाट १०० जनाको प्रतिनिधिमूलक सहभागिता रहने कार्यक्रममा ७५ प्रतिशत महिला र २५ प्रतिशत पुरुष रहनेछन्। सम्मेलनमा करिब रु १५ लाख खर्च हुने आयोजकको अनुमान छ। तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले गर्ने कार्यक्रम रहेको छ। यसअघि प्रदेश १ मा पहिलो बेटी सम्मेलन र प्रदेश नं २ मा दोस्रो बेटी सम्मेलन सम्पन्न भइसकेको छ।

मिसन नोट अफ डिसेन्ट आभासा राष्ट्रिय अभियान केन्द्रीय सञ्जाल र मूलधार महिला सेवा केन्द्र मासबेस उदयपुरको आयोजनामा विसं २०७५ माघ २७ देखि २९ गतेसम्म प्रदेश १ उदयपुरको गाईघाटमा 'सहन नपरोस् हिंसा र दुर्व्यवहार : शिक्षा र स्वास्थलाई बनाऔं चेलीबेटी सशक्तीकरणको हतियार' भन्ने मूल नाराका साथ प्रथम राष्ट्रिय बेटी सम्मेलन सम्पन्न भएको थियो।

विसं २०७६ माघ २७ देखि २९ गतेसम्म प्रदेश २ को राजधानी जनकपुरमा 'विकृतिका बन्धनहरू तोड्दै अघि बढौं, मेची-महाकाली जोड्दै हिंसारहित समाज निर्माण गरौं' भन्ने मूल नाराकासाथ दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको जनाइएको छ।

# अधिकृतद्वारा दैनिक १८० किलोमिटर यात्रा

**टुडे एक्सप्रेस** / टीकापुर

कैलालीको लम्की-चुहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज बिनाडी कार्यालय आउन दैनिक १८० किलोमिटरको यात्रा गर्छन्। प्रमुख प्रशासकीय अधिकृत बिनाडी धनगढीबाट लम्की-चुहा १८० किलोमिटर दैनिक आवतजावत गर्छन्। नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृतका लागि आवासको व्यवस्था गरेको भए पनि बिनाडी दैनिक घरबाटै ओहरदोहर गर्छन्।

पाँच महिनाअघि सरुवा भएर लम्की-चुहामा आउनुभएका बिनाडी कार्यालयको खर्चमा दैनिक १८० किलोमिटर ओहरदोहर गरिरहेका हुन्। प्रमुख प्रशासकीय अधिकृतको यातायात खर्चका बारेमा लेखा अधिकृत धर्मराज उपाध्यायले बोल्न चाहेनन्। उपाध्यायले इन्धनमा नगरपालिकाको मासिक खर्च रु दुई लाखसम्म हुने गरेको बताए। 'आवास छ, सम्झौता भएकोजस्तो लाग्छ, सम्झौता कति रकममा भएको छ, त्यो त प्रशासनमा हेर्नंपर्छ', उपाध्यायले भने, 'घरायसी समस्याले ओहरदोहर गर्नंभएको हो।'

यसरी ओहरदोहर गर्दा सेवासमेत प्रभावित भएको स्थानीयवासीको भनाइ छ। 'यसरी प्रभावकारी सेवा दिनुहुन्छ जस्तो लाग्दैन', स्थानीयवासी ललित जैशीले भने, 'स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई खाने, बस्ने व्यवस्था स्थानीय सरकारले गर्ने प्रावधान छ जस्तो लाग्छ। त्यति लामो दूरी टाढा बस्नु भनेको इन्धनदेखि लिएर अन्य खर्च हुन्छ, उहाँले भुक्तानी कसरी बुझ्नुहुन्छ हामीले थाहा पाउने कुरा भएन।'

जैशीले स्थानीय तह प्रभावकारीरूपमा चलेको जस्तो नलागेको बताए। 'यसरी लामो दूरी यात्रा गरेर कसरी प्रभावकारी सेवा दिन सक्नुहुन्छ ?', जैशीले प्रश्न गरे। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनाडीले आवास तयार हुँदै गरेको बताए। सेवा प्रभावितका बारेमा बिनाडीले आफू समयमै उपस्थित हद्रने गरेको जिकिर गरे।

'म कहिलै पनि १० बजेभन्दा एक मिनेट ढिला गरेको छैन, ५ नबजी निस्केको पनि छैन', बिनाडीले भने, 'मैले एक दिन पनि बिदा लिएको छैन। दैनिक ओहरदोहरमा लाग्ने इन्धन, त्यो त हेर्नंपर्छ मलाई थाहा हुँदैन।'

उता नगरप्रमुख महादेव बजगाईंले प्रमुख प्रशासकीय अधिकृतका लागि आवासको व्यवस्था भएको भन्दै क्वार्टरमा नबस्नु प्रमुख प्रशासकीय अधिकृतको आफ्नै समस्या रहेको बताए। 'होइन आवासको व्यवस्था छ, अस्ति मैले पनि सोधेको थिएँ', नगरप्रमुख बजगाईंले भने, 'उहाँको श्रीमती बिरामी भएर हो, अब बस्नुहुन्छ।'

प्रमुख प्रशासकीय अधिकृत बिनाडी यसअघि लम्की-चुहा नगरपालिकामा आएर इन्धन र कार्यालयको खरिदकै बारेमा विवाद भएपछि तत्कालीन नेकपा (एमाले)ले विरोध गरेको थियो। राजनीतिक संयन्त्रले विरोध गरेपछि उनी अन्यत्र सरुवा भएर गएका हुन्। पछिल्लो समय स्थानीय तहमा खर्च हद्रने इन्धनका बारेमा बढी गद्रनासो आउन थालेको छ। स्थानीयवासीले इन्धन र स्रोत साधन प्रयोगमा मनपरी हद्रन थालेको गद्रनासो गरेका छन्।

## चीनको सुपर सेना :

# मिथक कि वास्तविकता ?



**बीबीसी**

के चीनले क्याप्टन अमेरिकाको आफ्नै संस्करण बनाउने प्रयत्न गरिरहेको छ ? अमेरिकी गुप्तचरीले त्यस्तै भनेको छ। तर बढाइचढाइभन्दा पर गएर भन्नुपर्दा सुपर सेनाको सम्भावना अस्वाभाविक छैन र त्यसमा चीन मात्रै इच्छुक होइन।

खर्च गर्नका लागि यथेष्ट पैसा भएका देशहरूले सैन्य क्षमतामा अगाडि बढ्न प्रविधिको प्रयोग गर्ने गरेका छन्। डक्ट टेप लिनुहोस् । यो अमेरिकाको इलिनोयस्थित हातहतियार बनाउने एउटा कारखानाकी कामदारको सुझावको परिणाम हो। भेस्टा स्टाउड्टका छोराहरू द्वितीय विश्वयुद्धका बेला अमेरिकी नवसेनामा कार्यरत थिए। पातलो टेपले उनीहरूको लुगा भिज्ने पीरले उनले पानीले नभिज्ने टेप बनाइन्।

उनले आफ्ना सुपरभाइजरहरूको साथ पाइनन् तर राष्ट्रपतिलाई पत्र लेखेपछि सफल भइन्। राष्ट्रपतिले उनको परिकल्पनालाई वास्तविकतामा बदल्न निर्देशन दिए। यदि सैन्य आवश्यकताले हामीलाई राम्रो टेप दिन सक्छ भने यसले अरू के गर्न सक्छ ? सन् २०१४ मा तत्कालीन राष्ट्रपति अमेरिकी बाराक ओबामाले पत्रकारहरूलाई भने, 'खासमा हामीले आइरनम्यान बनाउन लागेको घोषणा गर्न म यहाँ उपस्थित भएको हुँ।' उनको कुरा सुनेर त्यहाँ हाँसो गुन्जियो। तर राष्ट्रपति ओबामा गम्भीर थिए: ट्याक्टिकल एसल्ट लाइट अपरेटर सुट टेलोस भनिने एउटा रक्षात्मक पोशाक बनाउने योजनामाथि अमेरिकी सेनाले काम थालिसकेको थियो। भिडिओ गेमजस्तै लाग्ने एउटा प्रवर्द्धनात्मक भिडिओमा त्यो पोशाक लगाएका व्यक्ति शत्रुको एउटा जेलमाथि धावा बोल्दै गरेको र उनीमाथि चलाइएका गोली फर्कने गरेको देखियो।

आइरनम्यान बनेन। पाँच वर्ष भयो, त्यो प्रयास सकियो। तर पोशाकका निर्माताहरू त्यसमा प्रयोग भएका सामग्री अन्यत्र पनि काम लाग्न सक्ने विश्वास गर्छन्। सेनाहरूले क्षमता सुदृढीकरणका लागि खोजी गरिरहेका केही विश्वासलाग्दा प्रविधिमध्ये 'एक्सोस्क्लेटन' एउटा हो।

सुदृढीकरण गर्ने कुरा नयाँ होइन। प्राचीन समयदेखि नै अस्त्र, उपकरण तथा प्रशिक्षणको दिशामा प्रगतिहरू हासिल गर्दै सैन्य क्षमता सुदृढ गरिएको पाइन्छ। तर वर्तमान समयमा सैन्य सुदृढीकरणको अर्थ प्रत्येक सैनिकलाई राम्रा बन्दुक उपलब्ध गराउनुभन्दा धेरै बढी कुरा हुन्छ। त्यसको अर्थ प्रत्येक सैनिकको अवस्थामा परिवर्तन ल्याउनु भन्ने हुन्छ।

सन् २०१७ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मानव जातिले चाँडै 'परमाणु बमभन्दा पनि नराम्रो कुराको विकास गर्न सक्ने' चेतावनी दिएका थिए। गत वर्ष अमेरिकी न्याशनल इन्टेलिजेन्सका पूर्वनिर्देशक जोन र्‍याटक्लिफले त्योभन्दा पनि अगाडि बढेर चीनमाथि कडा आरोप लगाए।

'जैविक रूपमा सुदृढ क्षमता सहितका सेनाको विकास गर्ने आशामा चीनले पिपुल्स लिबरेशन आर्मीका सदस्यहरूमाथि मानव परीक्षण पनि गरेको छ। शक्ति आर्जन गर्ने चाहना सामु बेइजिङ्गका लागि कुनै नैतिक सीमाहरू छैनन्,' द वाल स्ट्रीट जर्नलमा उनले लेखेका थिए। चीनले त्यसलाई 'झूटा कुराहरूको सङ्गह'को सङ्ज्ञा दियो।

### महत्वाकांक्षा र वास्तविकता

रोलक्रमभित्र एक सुपर सैनिक खोज्नु सेनाहरूका लागि एउटा कष्टकर परिदृश्य हुन सक्छ। एउटा यस्तो सैनिकको परिकल्पना गर्नुहोस् जसले पीडाहरू खेप्न सक्छ। अति चिसोमा उसलाई केही हुँदैन, उसलाई निद्रा चाहिँदैन। तर आइरनम्यान बनाउने अमेरिकी प्रयासहरू जस्तै प्रविधिको सीमितताले त्यस्तो महत्त्वाकाङ्क्षालाई पूरा हुन दिँदैन।

जीनमा सम्पादन गर्ने, एक्सोस्क्लेटन र मानव-यन्त्र बीचको सहकार्य जस्ता प्रविधिको चीनले 'सक्रियतापूर्वक खोजी' गरिरहेको दाबी सन् २०१९ मा दुई अमेरिकी प्राज्ञहरूको एउटा प्रतिवेदनमा गरिएको थियो। मुख्यतया चिनियाँ सैन्य रणनीतिकारहरूका टिप्पणीमा आधारित भई त्यो प्रतिवेदन तयार पारिएको थियो।

सन् २०१८ मा चिनियाँ वैज्ञानिक ख जिएन्क्वेले संसारमा पहिलोचोटि जिन सम्पादन गरेर बच्चा विकसित गरेको घोषणा गरे। हङ्कङमा आयोजित जिनोम सम्मेलनमा बोल्दै उनले एचआईभी लाग्न नसक्ने गरी दुई जुम्ल्याहा बालिकाको जिन सम्पादन गरेकोमा आफूलाई 'गर्व' लागेको पनि बताए। धेरै वैज्ञानिकले उनको त्यस्तो घोषणाको निन्दा गरे भने एक जनाले त्यसलाई 'दानवीय' कार्यकै संज्ञा दिए।

चीनसहित अधिकांश देशमा जिन सम्पादन अर्थात् मानव वंशाणुमा परिवर्तन गरी परीक्षण गर्ने कार्य प्रतिबन्धित छ। हुन त ती वैज्ञानिकले आफ्नो नतिजाको बचाउ गरे। तर सरकारी प्रतिबन्धको अवज्ञा गरेको अभियोगमा उनले जेलसजाय पाए।

प्राध्यापक खले आफूले जिन सम्पादन गर्न प्रयोग गरेको दाबी गरेको 'क्रिस्पर' नामक टुल सन् २०१२ मा विकसित गरिएको थियो। यो प्रक्रियाअनुसार 'मलेक्युलर सिजर्ज' अर्थात् 'आणविक कैँची' प्रयोग गरेर डीएनएको निर्दिष्ट त्यान्द्रो काटी त्यसको स्थानमा अर्को टुक्रा राखिदिएर अथवा केही मिलाएर परिवर्तन गर्न सकिन्छ।

जिन सम्पादनबाट भ्रूणमा समस्याग्रस्त भाग काटेर वा फेरेर वंशानद्रगत रोग रोक्न सकिन्छ। चीन र अमेरिकाले मात्र फाइदा लिन खोजिरहेका छैनन्। फ्रान्सको सशस्त्र फौजले पनि 'इन्ह्यान्सड् सोल्जर्स'को विकासका लागि अनुमति दिइसकेको छ।

अनुसन्धानका लागि एउटा प्रतिवेदनले नैतिक सीमाहरू समेत तय गरिसकेको छ। चीन र रुस दुवै मुलुकले कोभिड खोपको परीक्षण आफ्ना सेनामाथि गरेको बताइन्छ। 'सैन्य संस्था सैनिकहरूको स्वार्थको प्रवर्द्धनका लागि हुँदैन। त्यो रणनीतिक फाइदा पुऱ्याउनका निम्ति अथवा युद्ध जित्नका लागि हुन्छ,' अक्सफर्ड विश्वविद्यालयस्थित नैतिक विषयका ज्ञाता प्राध्यापक जुलिअन साभुलेस्कुले भन्छन्।

क्याप्टन अमेरिका अहिले कुनाको आसपास नहुन सक्छन्। तर आश्चर्यको विकासको सम्भावना सधैँ हुन्छ।

# भारतमाथि इंग्ल्यान्डको प्रभावशाली जित

## २२ वर्षपछिको इतिहास रच्यो



**टुडे एक्सप्रेस**

भारत भ्रमणमा रहेको इंग्ल्यान्डले पहिलो टेस्टमा प्रभावशाली जित आत्मासाथ गरेको छ। पहिलो टेस्टको अन्तिम दिन इंग्ल्यान्डले २२७ रनले भारतलाई हराएको हो।

यसअघि इंग्ल्यान्डले भारतलाई घरेलु मैदानमा २००६ मा मुम्बईमा २१२ रनले पराजित गरेको थियो। भारतले चेन्नईको चेपक मैदानमा २२ वर्षपछि हार भोगेको हो।

भारतले पछिल्लो पटक यो मैदानमा जनवरी १९९९ मा पाकिस्तानसँग १२ रनले पराजित भएको थियो। त्यसपछि भारतले यो मैदानमा ८ ओटा टेस्ट खेल खेलिसकेको छ। जसमा भारतले ५ खेलमा जित निकाल्दा तीन खेलमा बराबरी खेलेको छ।

### मैदानमा पराजित

भारतीय टीम आफ्नो घरेलु मैदानमा ४ वर्ष पछि पहिलो पटक पराजित भयो। यसअघि फेब्रुअरी २०१७ मा अस्ट्रेलियासँग पराजित भएको थियो। पुणे टेस्टमा भारत ३३३ रनले पराजित भएको थियो। हार बिचमाभारतले १४ टेस्ट खेलेको छ र ३ खेल बराबरी गरेको छ।

### १९२ मा आउट

इंग्ल्यान्डले पहिलो इनिङमा ५७८ रन बनाएको थियो, भने दोस्रोमा १७८ रन बनाएको थियो। जवाफमा भारतीय टीमले पहिलो इनिङमा ३३७ रनमा समेटियो। जसका कारण भारतले समग्रमा ४२० रनको लक्ष्य पायो। जुन लक्ष्य पछ्याउने क्रममा भारत दोस्रो इनिङमा १९२ रनमा समेटयो।

### दोस्रो इनिङमा खराब सुरुवात

४२० रनको लक्ष्य पछ्याएको भारतीय टिम २५ रनको अवस्थामा पहिलो विकेट गुमाउन बाध्य रह्यो। ओपनर रोहित शर्मा १२ रन बनाएर पेभिलियन फर्किंदा अन्यको प्रदर्शन पनि खराब रह्यो।

भारतले ११७ रन बनाउँदा ६ विकेट गुमाएको थियो। चेतेश्वरपुजारा १५ रनमा आउट हुँदा शुभमन गिलले ५० रनकोअर्धशतकीय इनिङ खेले। उसका लागि थप सम्झनलायक इनिङ कप्तान विराट कोहोलीको मात्र रह्यो। कोहलीले ७२ रन बनाए। उनले अश्विन सँग ७ औंविकेटका लागि १०५ बलमा ५४ रनको साझेदारी गर्दै टिमलाई बराबरीको आशा देखाए।

तर अश्विन र कोहली एकपछि अर्को गर्दै पेभिलियन फर्किएपछि भारत धेरै समय क्रिजमा टिक्न सकेन। स्पिनर ज्याकलिचले भारतीय टिमका ४ खेलाडीलाई पेभिलियन फर्काए। उनले रविचन्द्र आश्विन (९), रोहित शर्मा (१२), चेतेश्वरपुजारा (१५) र शाहबाज नदिम शून्य रन मापेभिलियन फर्किए।

### इशान्तको ३०० विकेट

भारतका इशान्त शर्माले टेस्ट करिअरमा ३०० विकेट पूरा गरेका छन्। यस्तो गर्ने उनी भारतका छैटौं बलर हुन्। यसअघि अनिल कुंम्लेले, कपिल देव, हरभजन सिंह, रविचन्द्र आश्विन तथा जहीर खानले यो उपलब्धि हासिल गरेका छन्।

## म्यान्मारमा सैन्य कू

# सरकारमा सहभागी हुन सेनाको आग्रह, दलद्वारा अस्वीकार

**रासस** / सिन्ह्वा

सत्ता हातमा लिएको म्यान्मारको सेनाले सत्तामा सहभागी हुन दललाई आह्वान गरेको छ। सत्ता हातमा लिने सेनाको कदमका विरुद्धमा दल आन्दोलित भइरहेका बेला सेनाले दललाई नै सत्ता साझेदारीका लागि आग्रह गरेको हो।




सेनाले निर्वाचन गर्न आफूले सत्ता लिएको र त्यसमा सहयोग गर्न दललाई आग्रह गरिएको जनाएको छ। यही फेब्रुअरी १ मा म्यान्मारको सेनाले सत्ता हातमा लिएको घोषणा गर्दै दलका नेतालाई नियन्त्रणमा लिएर सङ्कटकालसमेत लागू गरेको छ।

सेनाको कदमको विश्वभरीबाट विरोध भइरहेको छ भने देशभित्र पनि दिनप्रति दिन आन्दोलनकारीको सङ्ख्यामा बृद्धि भइरहेको छ। आन्दोलन चर्किरहेको बेला सेनाले सत्तामा आउन गरेको आग्रहलाई दलले भने अस्वीकार गरिदिएका छन्।

सेनाकै नियन्त्रणमा रहेकी म्यान्मारकी तत्कालीन स्टेट काउन्सीलर आङ साङ सुकीले पनि सेनाको सबै कदम र आह्वान गलत भएको भन्दै अस्वीकार गरिएको बताएका छन्। उनले सेनाको कदममा साथ नदिन र रणनीतिमा नफस्न अन्य दल तथा नेतालाई आह्वान गरेका हुन्।

सेनाले भने शान्ति वार्तामार्फत समाधान खोज्न र विरोध प्रदर्शनमा नउत्रिन आग्रह गरेको समाचारमा जनाइएको छ।

देशमा स्थिरताका लागि अहिलेको प्रदर्शन र विरोध बाधक हुने म्यानमारको सेनाको ठहर छ। सेनाको तर्फबाट जारी गरिएको वक्तव्यमा देशभरी भइरहेका प्रदर्शन र विरोधप्रति ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।

सेनाले स्थिरता, सार्वजनिक सुरक्षा र कानुनको पालना सुनिश्चित गर्न पनि सबैलाई अनुरोध गरेको छ। प्रदर्शनकारीले स्टेट काउन्सिलर तथा चर्चित प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीलगायतका नेतालाई तत्काल रिहा गर्न माग गरेका छन्।

गत नोभेम्बरमा भएको निर्वाचनपछि गठित नयाँ संसद् र त्यसपछिका प्रक्रियाप्रति सेनाले असन्तुष्टि जनाउँदै आएको थियो। त्यही असन्तुष्टिकै बहानामा सेनाले सत्ता लिएकोप्रति धेरै तिरबाट बिरोध भइरहेको छ। सेनाले राजनीतिक हस्तक्षेप गरेपछि शुरु भएको विरोध प्रदर्शनमा दिनप्रतिदिन सहभागिता पनि बढ्दै गइरहेको समाचारमा जनाइएको छ।

## विश्व टेनिस टुर-जे ५

# नेपालका प्रेरणा र सलोनीलाई सफलता

**टुडे एक्सप्रेस**

आइटिएफ विश्व टेनिस टुर- जे ५ अन्तर्गत दोश्रो सर्किटको प्रतिस्पर्धाको महिला डबल्समा नेपालका प्रेरणा कोइराला र सलोनी तामाङको जोडीले सफलता पाएका छन्।

मंगलबार सातदोबाटोस्थित टेनिस कोर्टमा उक्त जोडीले भारतका कृष्टि बोरो र लक्ष्मी गौदको जोडीलाई ३-६, ६-३ (१०-६) को सेटमा हराए। त्यसै स्पर्धामा सर्किट १ विजेता नेपालकी अभिलाषा विष्ट जर्मनीकी सोन्जा भारतका हिट्भी चौधरी र पवित्रा पारिखको जोडीसंग ६-४ र ६-३ ले चुके। त्यस्तै नेपालका इशाश्री शाह र सर्वानी श्रेष्ठ, अजा रेग्मी र शुभाङ्गीलक्ष्मी शाह तथा इभा अधिकारी र श्रेया भट्टराईको जोडीले आ-आफ्नो खेल गुमाए।

नेपालका आरभसम्राट हाडा र अकी जुवेन रावतको जोडीले पुरुष डबल्समा जित हात पारे। उक्त जोडीले भारतका सार्थक शर्मा र जैश्नभ सिन्धेको जोडीलाई ६-४ र ६-३ को सोझो सेटमा पराजित गरे।

जारी प्रतियोगिताको सर्किट १ मा आरभ र अकीको जोडी उपविजेता बनेको थियो। सोही स्पर्धामा नेपालका प्रणव मानन्धर र चिराग तिमिल्सिना, निसान श्रेष्ठ र निहालजंगबहादुर थापा तथा सम्यकभूषण वज्राचार्य र आर्यन गिरीको जोडी पराजित भए।



सिंगल्सको पुरुषमा नेपालका सम्यकभूषण वज्राचार्य तथा महिलामा नेपालका प्रेरणा कोइराला र सलोनी तामाङको जोडीले आ-आफ्नो प्रतिद्वन्द्वीलाई नतिजा सुम्पे।

# उत्तराखण्डमा हिमपहिरो

## २६ जनाको शव फेला, १८० अझै बेपत्ता

**रासस** / एनआई

भारतको उत्तराखण्डमा गएको हिमपहिरोमा परेर मङ्गलबारसम्म २६ जनाको शव भेटिएको छ। हिमपहिरोका कारण अरु १८० भन्दाबढी अझैपनि हराइरहेको अधिकारीले जानकारी दिएका छन्। बेपत्ता भएका अधिकांश व्यक्ति विद्युतगृहमा कार्यरत मजदुर रहेका छन्। सरकारी अधिकारीले बेपत्ता भएका व्यक्तिको खोजी तथा उद्धारकार्य जारी राखिएको पनि बताएका छन्। मृतक तथा बेपत्ता भएका भारतको उत्तराखण्ड, उत्तर प्रदेश, पश्चिम बङ्गाल, बिहार, झारखण्डका रहेको जनाइएको छ। केही व्यक्ति भने नेपाली पनि हुन सक्ने अधिकारीको भनाइ छ। दुई ओटा जलविद्युत परियोजना बनाइरहेको ठाउँमा हिमपहिरो गएको हो। आइतबार आएको हिमपहिरोका कारण तिब्र बेगको पानी र हिउँले पुल, सडक र दुई वटा विद्युतगृहमा व्यापक क्षति पुगेको छ।

स्थानीयबासी ओम अग्रवालले तिब्र गतिको नदीको भेल पहाड खसेजस्तै देखिएको बताउँदै नदी वरपरको जमिनमा भूकम्प गएझैं अनुभव गरिएको बताए। विद्युतगृहको सुरुङमा पसेको बाढी, माटो र ढुंगाका कारण केही मानिस सुरुङभित्रै थुनिएको उद्धारकर्मीको भनाइ छ। धेरै जना उद्धारकर्मी सोमबार बिहानैदेखि खटिएका छन्। राष्ट्रिय र राज्य उद्धार टोली, सेना र प्रहरीका टोली घटनास्थलमा खटिएका छन्।

भारतीय अधिकारीले हिउँको ठूलो हिस्सा एकाएक नदीमा खसेपछि ठूलो बाढी आएको बताएका छन्। तर यो हिमताल बिस्फोट भएर हिमपहिरोमा परिणत भएको र त्यो नदीमा खसेको पाइएको छ।

विश्वव्यापी तापमान वृद्धिको प्रभावका कारण यस क्षेत्रमा हिमनदीका मुहान क्षेत्र विस्तारै सुक्दै गएका छन् भने जलविद्युत् निर्माणले पनि हिमपहिरा बढी नै जान थालेको विज्ञले औंल्याएका छन्। सन् २०१३ मा आएको बाढीले छ हजार व्यक्तिको ज्यान गएको थियो।

# इरानमा पनि कोरोनाविरुद्धको खोप लगाउन सुरु

**रासस** / एएफपी

कोरोना भाइरस विरुद्धको खोप लगाउने अभियान इरानमा पनि सुरु भएको छ। महामारीको प्रारम्भिक चरणमा नै बढी प्रभावित भएको इरान मध्यपूर्वका देशमध्ये धेरै मानवीय क्षति व्यहोरेको मुलुकमा पर्दछ। पहिलो चरणमै महामारी भोगेपछि खोप लगाउन भने अरु धेरै देशभन्दा पछाडि परेको हो।

'हामीले पनि कोरोनाविरुद्धको खोप लगाउने अभियान सुरु गऱ्यौं, यो देशव्यापी अभियान हो, सुरुमा स्वास्थ्यकर्मीलाई लगाउने छौं भने त्यसपछि प्राथमिकता क्रमका आधारमा सबैलाई लगाउने छौं,' राष्ट्रपति हसन रौहानीले भने।

कोरोनाभाइरसविरुद्ध रुसमा विकास गरिएको स्पुट्नीक भी नामक खोप इरानमा लगाउन थालिएको हो।

खोप गत बिहीबार इरान ल्याइएको थियो। 'रुसबाट २० लाख स्पुट्नीक खोप इरान ल्याइएको छ,' इरानको स्वास्थ्य मन्त्रालयका प्रवक्ता किनौश जहानपौरले भने।

मुस्लिम गणतन्त्रात्मक मुलुक इरानका स्वास्थ्य मन्त्री सइद नमाकीले देशभरी १४ लाखभन्दा बढी मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएको जानकारी दिए।

उनका अनुसार इरानमा अहिलेसम्म कोरोनाका कारण ५८ हजार ५०० भन्दा बढीको मृत्यु भइसकेको छ।

छापावाल सुन प्रति तोला रु.९१,९००/-
तेजावी सुन प्रति तोला रु.९१,४००/-
चाँदी प्रति तोला रु.१,३४०/-

# बङ्गलादेशबाट रासायनिक मल खरीद शुरु




टुडे एक्सप्रेस / काठमाडौं

बङ्गलादेशबाट नेपाल ल्याउन लागिएको ५० हजार मेट्रिक टन रासायनिक मल खरीद प्रक्रिया शद्ररुआत भएको छ। सरकार र बङ्गलादेश सरकार (सरकार-सरकारबीच जिटुजी) सम्झौताअनुसार मल खरीदको प्रक्रिया शुरु भएको कृषि सामग्री कम्पनीले जनाएको छ।

यसअघिको सम्झौताअनुसार नेपालमा मल ढुवानी गर्ने कम्पनीले बङ्गलादेशमा मल बुज्न थालेको कृषि कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले जानकारी दिए।

'हामीले ढुवानीका लागि छनोट गरेको कम्पनीले आजबाट मल बुज्न थालेको जानकारी आएको छ, उताको सबै तयारी सकेर अब छिट्टै नेपालमा मल ढुवानी हुनेछ', उनले भने, 'बङ्गलादेशको कम्पनीले दैनिक उत्पादन गरेको मल हामीलाई दिने भनेको छ, दैनिक जति मल उत्पादन हुन्छ। हामीले छनोट गरेको कम्पनीले सोही अनुसार विभिन्न लटमा ढुवानी गर्छ।' ढुवानी कम्पनीले पहिलो लटमा २० हजार मेट्रिक टन रासायनिक मल ल्याउने तयारी गरेको जनाउँदै भारतीय भन्सार प्रक्रिया मिलाउने काम भइरहेको उनले जानकारी दिए। पहिलो लटमा रेलमार्ग हुँदै आउने मल कृषि सामग्री कम्पनीको विराटनगर, वीरगञ्ज र भैरहवामा रहेका गोदाममा राखिने कम्पनीले जनाएको छ।

कृषि सागम्री कम्पनीले बङ्गलादेशबाट ल्याइने रासायनिक मल ढुवानीका लागि गत असोजमा संयुक्त अरब इमिरेट्स (युएई) को जेन्ट्रेड एफजेडएफ कम्पनीलाई जिम्मा दिइसकेको छ।

नेपालले बङ्गलादेशसँग प्रतिमेट्रिक टन २५९.१९५ अमेरिकी डलरमा मल खरीदको सम्झौता गरेको थियो। बङ्गलादेशबाट रासायनिक मल खरीदको तयारीस्वरुप गत पुस २ गते जिटुजी प्रक्रियामार्फत मल खरीदका लागि कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक भण्डारी र बङ्गलादेश केमिकल इन्ड्रस्ट्रिज कर्पोरेशनका अध्यक्ष महम्मद एमिन उल अहसनबीच सम्झौता भएको थियो।

सम्झौता भएको करीब दुई महिनापछि बल्ल मल ढुवानीको प्रक्रिया शुरु भएको हो। कम्पनीले पहिलो लटको मल बिहीबारसम्म नेपालमा ढुवानी हुने अनुमान गरेको छ।

# नागरिक एपबाटै सामाजिक सुरक्षा कोषको सेवा लिन सकिने

टुडे एक्सप्रेस / काठमाडौं




सामाजिक सुरक्षा कोषमा सूचीकृत भएर नियमित योगदान गरिरहेका योगदानकर्ताले नागरिक एपमार्फत कोषले प्रदान गर्ने सम्पूर्ण सेवा मोबाइलबाटै लिनसक्ने भएका छन्।

सरकारले प्रवाह गर्ने सेवालाई 'डिजिटलाइज' गरी एकीकृत 'प्लेटफर्म'मार्फत सेवा प्रवाह गर्ने लक्ष्यअनुसार नै कोषले प्रदान गर्ने सेवा मोबाइलबाट हातहातमै प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको कोषले जनाएको छ। कोषका प्रवक्ता विवेक पन्थीले योगदानकर्ताले एपमार्फत आफ्नो नाममा जम्मा भएको योगदान रकमलगायत विस्तृत विवरण हेर्न सक्ने बताए।

'योगदानकर्ताले कुन महिनामा कति योगदान रकम जम्मा भयो, भएन, कति प्रतिशत जम्मा भयो भन्ने सम्पूर्ण विवरण सहजै मोबाइलबाटै हेर्न सक्नुहुनेछ', उनले भने, 'कोषले प्रवाह गर्ने सेवा पनि सोही एपमार्फत लिन सकिनेछ।'

कोषले योगदानकर्तालाई विभिन्न किसिमका सुविधा उपलब्ध गराउँदै आएको छ। अब छिट्टै कोषले प्रदान गर्ने सेवाका लागि एपबाटै आवेदन दिन सक्ने व्यवस्था मिलाइने बताइएको छ। कोषले उपलब्ध गराएको सामाजिक सुरक्षा नम्बर राखेर एपमार्फत योगदानकर्ताले आफ्नो सम्पूर्ण विवरण हेर्न सक्नेछन्। 'सामाजिक सुरक्षा कोषको अनलाइन प्रणालीबाट योगदानकर्ताले हेर्न सक्ने सम्पूर्ण विवरण अब एपमार्फत आ-आफ्नो मोबाइलमा हेर्न सकिने छ', प्रवक्ता पन्थीले भने।

योगदानकर्ताले कोषबाट कर्जा लिएको भए त्यसको विवरण, अन्य सेवा सुविधा लिएको भए पनि त्यसको सम्पूर्ण विवरण मोबाइलमै हेर्न सकिने छ। पहिलो चरणमा औपचारिक क्षेत्रमा सामाजिक सुरक्षा योजना लागू भएको र छिट्टै अनौपचारिक र स्वरोजगार श्रमिकलाई पनि योजनामा समेट्ने सन्दर्भमा झन् यो एपको महत्व बढ्ने उनी बताउँछन्।

'अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि कोषको दायरामा ल्याउने अवस्थामा योगदान रकम सङ्कलन गर्न मोबाइल एपले सहज गर्नेछ', उनले भने, 'एपबाटै निवेदन दिएर आफूलाई चाहिने सेवा सुविधा र विभिन्न शीर्षकको कर्जा आवेदन गर्न सकिनेछ।' हाल औपचारिक क्षेत्रका श्रमिकको योगदान रकम रोजगारदाताले नै कोषमा जम्मा गर्दै आएका छन्।

कोषले प्रवाह गर्ने सेवालाई सहज र प्रविधिमन्त्री बनाउने उद्देश्यअनुरुप नागरिक एपमार्फत सर्वसुलभ ढङ्गले मोबाइलबाटै प्राप्त गर्न सकिने उनले बताए। एपको प्रयोगबाट समयको बचत हुनाका साथै सार्वजनिक बिदाका दिन पनि सेवा प्राप्त गर्न सकिने कोषले जनाएको छ। कोषमा जम्मा भएको योगदान रकम तथा अन्य सम्पूर्ण विवरणको जानकारी सहजै लिन कोषले सम्पूर्ण योगदानकर्तालाई नागरिक एप डाउनलोड गरी सेवा प्राप्त गर्न अनुरोधसमेत गरेको छ।

'लाइन होइन, अनलाइनबाटै २४ सै घन्टा सरल, सहज र प्रभावकारी सेवाका लागि नागरिक एप' भन्ने नाराका साथ सरकारले आम नागरिकलाई सहजरुपमा सरकारी सेवा उपलब्ध गराउन एप सार्वजनिक गरिसकेको छ।

नागरिक एपबाट सेवा प्राप्त गर्नका लागि एन्ड्रोइड मोबाइल प्रयोगकर्ताले 'प्लेस्टोर' र आइफोन प्रयोगकर्ताले 'एपस्टोर'बाट उक्त एप डाउनलोड गर्नुपर्नेछ। हाल आफ्नै नाममा दर्ता भएको नेपाल टेलिकम र एनसेलको सीममार्फत एपको प्रयोग गर्न सकिने छ।

## एक लाख ८८ हजार कोषमा सूचीकृत

गत बिहीबारसम्म कोषमा एक लाख ८८ हजार ४५० योगदानकर्ता सूचीकृत भएको छन्। वागमती प्रदेशबाट एक लाख ४१ हजार १०१, प्रदेश १ बाट १९ हजार ४४४, प्रदेश २ बाट १३ हजार ६९५, गण्डकीबाट सात हजार ७६, लुम्बिनीबाट पाँच हजार ९६८, सुदूरपश्चिमबाट ६८८ र कर्णाली प्रदेशबाट ४६० योगदानकर्ता कोषमा आबद्ध भएका छन्। कोषमा हालसम्म रु चार अर्ब पाँच करोड ६६ लाख योगदानरकम सङ्कलन भएको छ। तीन करोड ४९ लाख दाबी भुक्तानी भएको कोषले जनाएको छ।

# जहाज थपेर उडान विस्तार गर्दै यती एयरलाइन्स



Yeti Airlines

टुडे एक्सप्रेस / काठमाडौं

निजी क्षेत्रको अग्रणी वायुसेवा प्रदायक कम्पनी यती एयरलाइन्सले जहाज थपेर उडान विस्तार गर्ने योजनामा जुटेको छ। यतीले आन्तरिक उडानमा थप नयाँ एटिआर-७२ जहाज भित्र्याएर गन्तव्यका साथै उडान सङ्ख्या बढाउने भएको हो। यतीको एटिआर जहाज सम्भवतः यही महिनाभित्र काठमाडौं आइपुग्नेछ। योसहित यतीसँग छ थान एटिआर जहाज हुनेछन्। कोभिड-१९ महामारी नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीपछि खुलेको आन्तरिक उडानमा यतीले तीन एटिआर जहाजमार्फत आन्तरिक उडान गरिरहेको थियो। आगामी मार्चदेखि यतीले हाल भएका पाँचवटै एटिआर जहाज उडाउनेछ। थपिएको एटिआरले पनि छिट्टै उडान भर्ने कम्पनीको योजना छ।

जहाज थपिएपछि मार्च महिनाबाट पूर्ण क्षमताका साथ आन्तरिक उडान हुने यती एयरलाइन्सका हवाई सुरक्षा विभाग प्रमुख एवं प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए। यतीले हाल नौ गन्तव्यमा उडान भर्दै आएको छ।

### पोखरा-सिमरा उडान गरिने

आन्तरिक उडानमा बजार विस्तारको रणनीतिका साथ अघि बढेको यतीले छिट्टै पोखरा-सिमरा उडान गर्ने भएको छ। व्यापारिक तथा पर्यटकीय गन्तव्यमा उडान विस्तारको योजना बनाएको यतीले आवश्यक सम्पूर्ण तयारी गरिसकेको छ।

पोखराका पर्यटन व्यवसायी तथा सरोकारवालासँग यतीका प्रमुख कार्यकारी अधिकृत (सिइओ)सहितका पदाधिकारीले यसैसाताभित्र अन्तिम छलफल गरी उडान निर्णय लिइने कम्पनीले जनाएको छ। यतीले पोखराबाट भैरहवा र भरतपुर उडान गर्दै आएको भए पनि कोभिड महामारीका कारण अहिले उडान स्थगित गरिएको छ।

उक्त उडान पनि छिट्टै सञ्चालन गरिने जनाइएको छ। यतीले हाल १४ गन्तव्यमा उडान भर्दै आएको छ। कोभिड महामारीकैबीच गत असोज ५ देखि आन्तरिक उडान शुरु भएको थियो। यसअघि भदौ १६ बाटै अन्तर्राष्ट्रिय उडान भएको थियो।

## प्रेम दिवसमा विशेष अफर

प्रेमदिवस 'भ्यलेन्टाइन डे' फेब्रुअरी १४ लाई मध्यनजर गर्दै यती एयरलाइन्सले पर्वतीय उडान 'माउन्टेन फ्लाइट'मा विशेष अफर सार्वजनिक गरेको छ। पर्वतीय उडानमा जाने यात्रुलाई विमानस्थलदेखि घरसम्म बससेवा उपलब्ध गराइनेछ।

टिकट भने पुरानै मूल्य अथार्त रु आठ हजार ८४८ तोकिएको छ।

अफर अन्तर्गत पर्वतीय उडानका यात्रुलाई प्रेम उपहारका साथै आठ जिबी डेटा तथा रु एक हजार क्यास बराबरको स्मार्ट टेलिकमको सीमकार्ड दिइनेछ।

# तातोपानी नाका पुनः सुचारु

टुडे एक्सप्रेस / चौतारा



नेपाल चीन बीचको प्रमुख व्यापारिक नाका तातोपानी आजबाट पुनःसुचारु भएको छ। भोटेकोशी बाढीले क्षति पुऱ्याएको मितेरी पुल मर्मतका लागि चीन सरकारले यही माघ ७ गते तीन साताको लागि सो नाका बन्द गरेको थियो।

नाका सुचारु भएसँगै मंगलवार बिहान सामान लोड भएका तीन वटा कन्टेनर भित्रिएको तातोपानी भन्सार कार्यालयका भन्सार अधिकृत गणेशप्रसाद पौडेलले जानकारी दिए। एक चिनियाँ कन्टेनर बराबर नेपाली दुई कन्टेनर सामान हुने र चिनियाँ पक्षले कीटनाषक औषधिसहित स्प्रे गरेर मात्र सीमा पुलमा ल्याएर छाड्ने गरेकोले कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित रहेको भन्सार कार्यालयले जनाएको छ।

चीनबाट अब व्यापारिले थोरै मात्र सामान आउन बाँकी रहेको र खासा क्षेत्रमा हिउँ परेर सडक अवरुद्ध नभएमा ती सामा चाँडै भित्रिनसक्ने विश्वास गरिएको छ।

भित्रिएका सामान जाँच गर्न सामान धनी आएपछि मात्र शुरु गरिने हुँदा एक दुई दिन समय लाग्ने र त्यसपछि मात्र राजधानी भित्रिने बताइएको छ।

आयातित सामानमा प्रायःजसो स्याउ, तयारी पोशाक, जुत्ता चप्पल, मास्क तथा जलविद्युत् आयोजनाका मेसिनरी सामन रहेको बताइएको छ।

# रु ९२ करोडमा ९७ आयोजना निर्माण गरिँदै

टुडे एक्सप्रेस / कर्णाली

पूर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतले रु ९२ करोड ३७ लाख बजेटमा ९७ आयोजना निर्माण गर्न थालेको छ। निर्देशनालयले पहिलो चौमासिकमा राजधानी सुर्खेतको वीरेन्द्रनगरमा चार किलोमिटर पक्की सडक निर्माण गरेको छ।

प्रदेशको सुर्खेतमा मात्रै ८५ किलोमिटर सडक, आठ मोटरेबल पुल र दुई झोलुङ्गे पुल निर्माण गर्न थालिएको पूर्वाधार निर्देशनालय कर्णाली प्रदेश सुर्खेतका निर्देशक वासुदेव पौडेलले जानकारी दिए। '

आगामी असार मसान्तसम्म हामीले सुर्खेत जिल्लामा ३२ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य लिएका छौँ', निर्देशक पौडेलले भने, '७० किलोमिटर सडकमा नाली बनाउने, ग्राभेलिङ गर्ने र बाटोको स्तरवृद्धि हुने छ।' अहिले जाडो समयमा कालोपत्रे गर्न नमिल्ने भएकाले आगामी फागुनदेखि धमाधम काम हुने बताइएको छ।

निर्देशक पौडेलका अनुसार चालु आव २०७७/०७८ भित्रै ५० किमी नयाँ साधारण मार्ग खोलिने र जनता आवास कार्यक्रमअन्तर्गत ५०० घर निर्माण हुनेछन्। निर्देशनालयले निर्देशित कार्यतालिकानुसार काम अघि बढेको जनाउँदै लक्ष्यबमोजिम आयोजना सम्पन्न हुने जिकिर गरेको छ।

# कञ्चनपुरमा स्ट्रबेरी खेती

टुडे एक्सप्रेस / कञ्चनपुर



शुक्लाफाँटा नगरपालिका-१० मा व्यवसायिक रुपमा स्ट्रबेरी खेती शुरु गरिइएको छ। त्यहाँस्थित फारवेष्ट हाइटेक एण्ड वायोटेक एग्रो फार्मले सुदूरपश्चिम क्षेत्रमै पहिलो पटक रु पाँच लाखको लगानीमा व्यवसायिक रुपमा स्ट्रबेरीखेती शुरु गरिएको हो।

प्लाष्टिक टनेलमा मल्चिङ प्रविधिको प्रयोग गरी स्ट्रबेरी खेती गरिएको बताइएको छ। स्ट्रबेरी खेतीमा सिँचाइ सुविधा पुऱ्याउनका लागि थोपा सिँचाइकोसमेत व्यवस्था गरिएको छ। चार महिनाअघि प्लाष्टिक टनेलमा रोपिएको स्ट्रबेरीले फल दिन शुरु गरेको छ।

हालसम्म दश किलो बढी उत्पादित स्ट्रबेरी स्थानीय बजारमा बिक्री भएको छ। प्रति किलोग्राम रु सात सयका दरले स्ट्रबेरी स्थानीय बजारमा सहजै बिक्री भएको फार्मका सञ्चालक नन्दलाल भट्टले बताए। 'काठमाडौंलगायत वाह्य क्षेत्रबाटसमेत माग आउन थालेको छ', उनले भने, 'भर्खरै स्ट्रबेरी पाक्न शुरु भएको छ। माग धेरै आउन थालेको छ। धान्नै गाह्रो भइसकेको छ।' प्रत्येक बोटमा दशदेखि पन्ध्र दानासम्म स्ट्रबेरी फलेका छन्।

'इन्टरनेटको माध्यमबाटखेती गर्ने तरिका सिक्यौं। कृषि विज्ञको सल्लाह लिएर प्लाष्टिक टनेलमा काठमाडौंबाट एक हजार ६०० स्ट्रबेरीका बोट ल्याई रोपेका हौं', उनले भने, 'यसरी फस्टाउने कल्पनानै गरेका थिएनौं। राम्रैसँग फल्न शुरु गरेको छ।' दुई कठ्ठा क्षेत्रफलमा लगाइएको स्ट्रबेरीको उत्पादन सन्तोषजनक भएकाले आगामी दिनमा क्षेत्रफल विस्तार गरी उत्पादन बढाउनका लागि कार्य अगाडि बढाइएको उनले बताए।

स्ट्रबेरीका नयाँ बिरुवा तयार गरी नर्सरीसमेत बनाइएको छ। नर्सरीमा उत्पादित बिरुवा बिक्रीसमेत गर्ने कार्य शुरु गरिएको छ। स्ट्रबेरीलाई भूइँकाफल भन्ने गरिए पनि स्थानीय भाषामा भने बुढी काफल भन्ने गरिन्छ। उत्पादन भएको सबै फल बिक्री नभएपछि प्रशोधन गरी जाम, रस, आइसक्रिम, मिल्कसेक बनाइ बजारमा बेच्ने फार्म सञ्चालकको योजना छ। पौष्टिकताका हिसाबले महत्वपूर्ण मानिएको यस फलमा एन्टिअक्सिडेन्ट, भिटामिन सी, प्रोटिन र खनिजलगायतका तत्व पाइने गरिन्छ।

यो फल पिसाबसम्बन्धी रोग भएका बिरामीका लागि उपयोगी मानिन्छ। हिउँदमा फस्टाउने स्ट्रबेरीको वृद्धि विकासका लागि २२ देखि २५ डिग्री सेल्सियस दिनको र ७ देखि १३ डिग्री सेल्सियस रातको तापक्रम सबैभन्दा राम्रो मानिन्छ। ठाउँ र जात अनुसार स्ट्रबेरीका बिरुवा हुर्कनसक्ने कृषि तालीम केन्द्र सुन्दरपुरका प्रमुख टीकाराम थापाले बताए।

उनका अनुसार बिरुवा बारीमा रोप्दा एक बिरुवादेखि अर्को बिरुवाको दूरी ४५ सेन्टिमिटर र लाइनदेखि लाइनको दूरी ७५ सेन्टिमिटरसम्म राख्न उपयुक्त हुन्छ। फूल फूलेको करीब ३० देखि ४५ दिनभित्र फलको विकास हुन्छ र त्यसको १५ देखि २० दिनपछि फल टिप्नलायक हुन्छ।

# चोराकोयलपुरमा नबाह सुरु



**सिबेन्द्र रोहिता** / जनकपुरधाम

धनुषाको शहिदनगर नगरपालिका २ चोराकोयलपुरमा श्री श्री १०८ श्री तपसी बाबा नबाह तथा एकाह समारोह सुरु भएको छ। श्री तपसी बाबा सेवा समितिको आयोजनामा सुरु भएको नबाह तथा एकाहा समारोह मंगलवार बाजागाजासहित हजारौं महिलाहरूको सहभागीतामा कलश यात्रा सहित सुरु भएको हो। समारोहका अध्यक्ष जिबछ चोरबार यादवले फाल्गुन ७ गतेसम्म नबाह चल्ने जानकारी दिए। उनका अनुसार समारोहमा भजन किर्तन भने ९ दिनसम्म चल्ने छ। नबाह समारोहमा सयौं साधुसन्त पनि सहभागी छन्। साधुसन्तबाट आर्शिवाद थाप्न टाढा टाढाका मानिस आउन थालेको उनको भनाई छ।

एकाह समारोहको अवसरमा भव्य मेला लागेको स्थानीय समाजसेवी शैलेन्द्र चोरबारले जानकारी दिए। उनले समाजको कल्याण तथा शान्तिका लागि सुरदास बाबा र सन्त राजारामले नबाह आयोजना गरेको जनाए। उक्त समारोहका लागि गाउँलेहरूले स्वःस्र्फूत रुपमा चन्दा दिएर सहयोग गरेका छन्।

# क्यान्सर पीडितलाई आर्थिक सहयोग



**टुडे एक्सप्रेस** / जनकपुरधाम

सिरहा लाहान नगरपालिका ७ का क्यान्सर पीडित मोहम्मद हकिम राइनलाई उपचारका लागि आर्थिक सहयोग प्रदान गरिएको छ। धरान स्थित क्यान्सर अस्पतालमा उपचाररत राईनलाई गल्फ समाज सेवा संस्था कतारले ३० हजार रुपैयाँ आर्थिक सहयोग गरेको हो।

क्यान्सर पिडित राईनलाई आर्थिक समस्या भएको थाहा पाए पछि संस्थाका सदस्य समशेर राईनले संस्थाका कतार कार्य समितिलाई जानकारी गराएका थिए। गल्फ सेवा समाज कतारका पदाधिकारीहरूले आर्थिक संकलन गरेर उक्त रकम नेपाल पठाएको थियो।

गल्फ सेवा संस्थाका सदस्य समशेर राईन, अलि राईन र गफुर राईन सहितको टोलि धरान स्थित क्यान्सर अस्पतालमा सहयोग रकम हस्तान्तरण गरिएको हो। अस्पतालका अनुसार राईनको उपचारमा २० लाख रुपैयाँ आवश्यक पर्ने भन्दै परिवारले सहयोगी हातहरूले राईनको उपचारमा सहयोग गरिदिन अनुरोध गरेका छन्।

# ठूलो परिणाममा लागूऔषध बरामद, ५ जना पक्राउ




**टुडे एक्सप्रेस** / उदयपुर

ठूलो परिणाममा लागूऔषधसहित उदयपुरमा प्रहरीले ५ जनालाई पक्राउ गरेको छ। मंगलवार जिल्ला प्रहरी कार्यालय उदयपुरले पत्रकार सम्मेलन गरी सो को जानकारी दिएको हो।

प्रहरीले ताप्ली गाउँपालिका ३ निगलवास घर भई हाल सिरहा धनगढीमाई नगरपालिका १० जिरोमाइल बस्ने ४१ वर्षिय सन्त बहादुर मगरलाई १ सय २१ केजी अवैध गाँजा र स १ च ८०४ नम्बरको बोलेर सहित पक्राउ गरेको पत्रकार सम्मेलनमा एसपी भिमबहादुर दाहालले जानकारी दिए। कटारी नगरपालिका ८ सानो दमार स्थित सिद्धिचरण राजमार्ग अन्तर्गत बेतिनीबाट कटारी तर्फ अदुवा र बेसारसँगै लुकाई छिपाई ल्याउँदै गरेको १ सय २१ केजी गाँजा सहित उनलाई प्रहरीले पक्राउ गरेको हो।

त्यस्तै, सिरहाको लहानबाट गाईघाट तर्फ जाँदै गरेको सार्वजनिक सवारी साधनलाई जिल्ला प्रहरी कार्यालय उदयपुरको विशेष टोलीले जलजलेमा चेकजाँचको क्रममा लागूऔषध सहित ४ जना पक्राउ परेको छ। पक्राउ पर्नेमा त्रियुगा नगरपालिका १ बस्ने ३२ वर्षिय विदुर अधिकारी, त्रियुगा १४ बस्ने २६ वर्षिय कुमार मगर, त्रियुगा १३ बस्ने २५ वर्षिय सागर चौधरी र सुनसरी ईटहरी उपमहानगरपालिका २ बस्ने २५ वर्षिय अभिषेक जैसवाल पक्राउ परेको छ। उनीहरूको साथबाट डाइजेपाम २१ एम्पुल, फेनार्गन २१ एम्पुल, लुजिजेसिपी २१ एम्पुल गरी ६३ एम्पुल र दुई वटा सिरिन्ज फेला परेको एसपी दाहालले पत्रकार सम्मेलनमा बताए। पक्राउ परेको पाँचै जनालाई म्याद थप गरि आवश्यक कारबाही अगाडी बढाईएको प्रहरीले जनाएको छ।

उदयपुरमा चालु आर्थिक वर्षको करिव ७ महिनामा २ महिला सहित ६९ जना लागूऔषध ओसारपसार तथा सेवनमा पक्राउ परेको छ भने ३८ वटा मुद्धा दर्ता भएको छ। करिव ७ महिनामा फेरागन १८१ एम्पुल, लुजिजेसिक ९९ एम्पुल, डाइजेलाब २११ एम्पुल, नोरफिन ४८ एम्पुल र लेबल नभएको अन्य ४७ एम्पुल बरामद भएको छ। नाइट्रोभेट ५७९ गोटी, नाइट्रोशन ६७ गोटी, नाइट्रोजेपाम ४९ गोटी समेत ७ महिनामा प्रहरीले बरामद गरेको छ। गाँजा २३३ किलो र ४३ ग्राम ३६१ मिलीग्राम ब्राउन सुगर समेत बरामद गरेको प्रहरीले जनाएको छ।

# तीनकौरियामा महायज्ञ जारी

**टुडे एक्सप्रेस** / जनकपुरधाम

धनुषाको विदेह नगरपालिका ६ तीनकौरिया बजारस्थित महायज्ञ जारी रहेको छ। तीनकौरिया बजारको जनता माध्यमिक विद्यालयको प्राङ्गनमा शनिबारदेखि श्रीमद्भागवत कथा ज्ञान महायज्ञ भइरहेको हो।

नगरपालिका एवं तीनकौरिया बजारबासीको आयोजनामा भइरहेको सप्ताह व्यापी महायज्ञ फागुण १ गते सकिने स्थानीय युवा बब्लु चौधरीले जानकारी दिए। महायज्ञमा स्वामी शिवानन्दजी र कथा व्यास भागवत भास्कर विदुषी मैत्रेयी भारतीले संयुक्तरूपमा भागवत पाठ गरि रहेको महायज्ञ समितिका अध्यक्ष दुःखी मण्डलले बताए।



महायज्ञमा प्रवचन सुन्न हजारौंको संखयामा श्रद्धालु भक्तजनहरू जम्मा हुने गरेका आयोजकले बताएको छ। महायज्ञमा हिन्दू धर्मका सिद्धान्तसंगै मानवको नीति बारे समेत कथावाचकहरूले व्याख्या गरेको स्थानीय बब्लु चौधरीले बताए।

स्थानीय सतलाल मुखियाले महायज्ञमा धार्मिक सहिष्णुतासंगै मानवको कथा सुनाउने गरेको बताए। महायज्ञ विदेह नगरपालिकाका मेयर बेचन दासको पहलमा भइरहेको आयोजक संस्थाले जानकारी दिएको छ।

# रोजगारी वृद्धि गर्न परिसंघको आग्रह

**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल उद्योग परिसंघका पदाधिकारीले मुख्यसचिव शङ्करदास वैरागीसँग भेट गरी औद्योगिक विस्तारबाट रोजगारी सिर्जना गर्ने विषयमा छलफल गरेका छन्।

मंगलवार भएको छलफलमा परिसंघका अध्यक्ष सतिशकुमार मोरले विभिन्न क्षेत्रका उद्योगले नेपालको कूल ग्राहस्थ उत्पादनमा पुऱ्याएको योगदानलाई उजागर गर्दै उत्पादनमूलक उद्योगको क्षमता विकास र प्रतिस्पर्धी बनाइ स्वदेशमा नै रोजगारी सिर्जना गर्न नेपाल सरकारले सहज वातावरण तयार गर्नपर्ने बताएका छन्।

अध्यक्ष मोरले नेपालको युवा शक्ति विदेशमा गएर रोजगारी गर्नपर्ने बाध्यतालाई न्यूनीकरण गर्दै विदेशमा रहेका युवालाई पनि स्वदेशमा नै अवसर प्रदान गर्नको लागि दीर्घकालीन लक्ष्य तय गरी सरकार र निजी क्षेत्र एकैसाथ अगाडि बढ्नुपर्ने धारणा राखेको थियो। परिसंघको अनुसन्धान एकाइले अध्ययन गरी तयार गरेको नेपालमा उद्योग दर्ताको स्थिति र त्यसबाट भएको रोजगारी सिर्जनाका सम्बन्धमा छलफल भएको थियो।

छलफलमा नेपालको अर्थतन्त्रलाई माथि उठाउनको लागि आयात प्रतिस्थापन गरी देशलाई आत्मनिर्भरतर्फ उन्मुख गराउन सरकार र निजी क्षेत्रको सहकार्यलाई जोड दिए। मुख्यसचिव वैरागीले नेपालमा कृषि क्षेत्रलाई प्रधानमन्त्रीले उच्च प्राथमिकतामा राखेको सन्दर्भ उल्लेख गर्दै कृषि क्षेत्रमा निजी क्षेत्रले रोजगारी सिर्जना गर्न सक्ने बताए।

हाल सरकारले कृषि क्षेत्रमा पनि वैदेशिक लगानीलाई खुला गरेकाले यसतर्फ निजी क्षेत्रको ध्यान जानुपर्ने विचार व्यक्त गरे। छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तोयानारायण ज्ञवाली र परिसंघको तर्फबाट वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवाल र उपाध्यक्ष अनुज अग्रवालको उपस्थिति थियो।

पृष्ठ १ बाट क्रमश...

**मलेशियामा...**

त्यसलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत् मन्त्रीपरिषद्को बैठकमा पेश गरेको हो।

यसअघि इन्डोनेशिया र पाकिस्तानसँग समझदारीपत्रमा हस्ताक्षर गरिसकेको मलेशिया बंगलादेश र नेपालसँग समझदारी गर्ने तयारीमा थियो। सरकारले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अख्तियारी दिएसँगै दुई देशबीच समझदारी गर्ने बाटो खुलेको छ। यसले अन्य मुलुकसँग पनि समझदारी गर्ने बाटो खुलेको वैदेशिक रोजगार बोर्डले जनाएको छ।

रोजगारदाताले विदेशी कामदारको तलबको १.२५ प्रतिशत मासिक रुपले योगदान गर्नपर्ने व्यवस्था छ। यसमा श्रमिकको पैसा खर्च हुने छैन। श्रमिकको भिसालगायत अन्य कागजात तयार भइसकेपछि मात्र दर्ता हुन पाइनेछ। काम गर्ने समयभित्र मृत्यु भएमा नेपाली श्रमिकको परिवारजन (आमा, बाबु, श्रीमती वा श्रीमान् र २१ वर्ष नपुगेका छोराछोरी मात्र) ले मासिक तलबको ९० प्रतिशत आजीवन पाउने छन्।

श्रमिक दुर्घटनामा परे अस्थायी अपाङ्गता भएसम्म सेवा सुविधा पाउने छन्। कामको सिलसिलामा दुर्घटनामा परी स्थायी अपाङ्गता भएकाको हकमा आजीवन सेवा-सुविधा पाउने व्यवस्था छ। मृत्यु भएर मलेशियामा नै दाहसंस्कार हुनेको हकमा नेपालका परिवारजनले २ हजार मलेसियन रिंगिट अर्थात् करिब ६० हजार खर्च पाउने छन्।

तर मृतकको शव नेपाल पठाउनु परेमा ६ हजार ५०० अर्थात् पौने २ लाखसम्मको रकम पाउने छन्। श्रमिक बिरामी भएमा औषधि उपचार सुविधा प्राप्त हुनेछ।



**शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले**

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४. धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७. बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल



**शीत-लहरको समयमा चिसो को कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले**

१. न्यानो कपडाको जोहो समयमै गरौ।
२. शीत लहरको समयमा घरवाहिर खुला स्थानमा धेरै समय नबिताऔ, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडालगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओढ्ने गरौ।
४. धरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
५. शित लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखने गरौं, र टाउको लाई चिसोबाट जोगाउने कार्य गरौं।
६. चिसोको समयमा शरीरलाई चाहिने आवशयक तातो खाने कुराहरु खाने बानीको विकास गरौं।
७. बालबालिका, बृद्धबृद्धा, गर्ववती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं
८. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी जाने बानीको विकास गरौं।
९. शित लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/ टहरामै /राखेर पर्याप्त घांस /पराल र दाना दिने व्यवस्था मिलाऔं।
१०. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिककैको शुभ चिकित्सालयमातुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं।
११. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेटिलेसनको व्पवस्था मिलाउनु नभुलौं।

नेपाल सरकार
सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर